Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक
Aarthik Dainik Pvt.Ltd.

◆ वर्ष १६ ◆ अङ्क ४७४५ ◆ २०८२ कात्तिक १७ गते सोमबार ◆ ने.सं. ११४६ ◆ पृष्ठ ८ ◆ Monday, November 03, 2025 ◆ मूल्य रु. ५/- ◆ Web: www.aarthikdainik.com







# खारेज भएन प्रधानमन्त्री रोजगार कार्यक्रम

■ आर्थिक संवाददाता
काठमाडौं, कात्तिक १६

प्रधानमन्त्री रोजगार कार्यक्रम हालसम्म खारेज गरेको छैन । सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम आन्तरिक रोजगार प्रवर्द्धनात्मक कार्यक्रम भएको हुँदा यसलाई खारेज गर्ने निर्णय गरेको थियो । तर चालू आर्थिक वर्षको सुरूदेखि प्रधानमन्त्री रोजगार कार्यक्रम खारेज गरी आन्तरिक रोजगार कार्यक्रम सञ्चालन गर्ने सरकारी लक्ष्य पूरा हुन सकेको छैन ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको सट्टा आन्तरिक रोजगार कार्यक्रम नाम राखि बेरोजगार युवालाई रोजगारी दिने लक्ष्य राखिएको हो । हाल कार्यक्रममा सात लाख ९७ हजार सात सय २५ जना युवाहरू सूचीकृत छन् । जसमा चार लाख ४९ हजार तीन सय ८७ जना महिला र तीन लाख ४८ हजार तीन सय २७ जना पुरूष र अन्य ११ जना रहेका छन् । सूचीकृत युवाहरूलाई न्यूनतम एक सय दिनको रोजगारी दिने लक्ष्य राखिए पनि त्यो पूरा गर्न सकिएको छैन ।

हाल ५५ हजार एक सय २९ जनाले रोजगारी पाएका छन् । उनीहरूले १० हजार तीन सय ५३ वटा आयोजनाहरूमा करिब ७१ दिनको रोजगारी पाएका छन् । कार्यक्रम विश्व बैंकको सहुलियतपूर्ण ऋणमा सञ्चालन भएको थियो । विश्व बैंकको १४ अर्ब रूपैयाँ सहुलियतपूर्ण ऋणमा सञ्चालित कार्यक्रमको अवधि सकिएसँगै यसलाई खारेज गर्न लागिएको हो । श्रम मन्त्रालयका प्रवक्ता कार्यक्रमका निर्देशक डन्डुराज घिमिरले विश्व बैंकको सहुलियतपूर्ण ऋणमा सञ्चालित कार्यक्रम असार मसान्तमा सकियो, त्यसपछि नेपाल सरकारको लगानीमा कार्यक्रम अघि बढ्ने बताए ।

'कार्यक्रमको अवधि सकिएको हुँदा नाम पनि परिवर्तन गर्न लागिएको हो, सरकारले नै सञ्चालन गर्ने हुँदाको यसको आवश्यकता महसुस गरिएको उनको भनाइ छ । सरकारले आन्तरिक रोजगारीलाई प्राथमिकता दिँदै अघि बढ्ने हुँदा कार्यक्रमको स्वरूप समेत परिवर्तन गर्न लागेको छ ।

सरकारले आगामी दशकलाई 'आन्तरिक रोजगार दशक' घोषणा गरिसकेको छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले फागुन २६ गते सन् २०२५-२०३५ लाई 'आन्तरिक रोजगार प्रवर्द्धन दशक' घोषणा गरेका थिए । सोही अनुरूप मन्त्रालयले कार्यक्रम खारेज गरी नयाँ कार्यक्रम घोषणा गर्नुपर्ने थियो तर त्यसो हुन सकेको छैन ।

चालू आवको पहिलो चौमास आइपुग्दा समेत मन्त्रालयले नयाँ कार्यक्रम ल्याउन सकेको छैन । मन्त्रालयले यसअघि नै प्रधानमन्त्री रोजगार कार्यक्रमभन्दा पनि आन्तरिक रोजगार प्रवर्द्धन दशकलाई केन्द्रित गरी कार्यक्रम बनाउने तयारी गरेको थियो । आन्तरिक रोजगार दशक घोषणा भइसकेको अवस्थामा नयाँ कार्यक्रम कार्यान्वयनमा ल्याउन भने मन्त्रालयलाई दबाब रहेको छ ।

उनका अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम न्यूनतम रोजगारीका लागि थियो भने नयाँ कार्यक्रम भने परिवर्तित भएर आउने छ । निर्देशक घिमिरेले अब श्रमिकको क्षमता र सीप विकास सहितको रोजगार कार्यक्रम सञ्चालन हुने बताएका छन् । यस कार्यक्रममा विदेशबाट फर्किएका युवाहरूलाई समेत समेट्न बताइएको छ । विदेशबाट फर्केर आएका युवाहरूलाई स्वदेशमै रोक्ने, उनीहरूको सीप,




ज्ञान र पुँजीसहित उनीहरूले सिकेको काम गर्ने संस्कृतिलाई स्वदेशमै उपयोग गर्ने गरी कार्यक्रम अघि बढाउने फेरि पनि मन्त्रालयको दाबी छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम न्यूनतम रोजगारीका लागि थियो भने अब विदेशबाट फर्किएका युवाहरूलाई आन्तरिक रोजगारी र उद्यमशीलताको मेरूदण्ड मानेर वर्षेनी श्रम बजारमा आउने युवा जनशक्तिलाई सीपयुक्त बनाउने र त्यो सीप स्वदेशमै खपत गराउने यसअघिको लक्ष्यलाई पुनः मन्त्रालयले दोहोऱ्याएको छ ।

कार्यक्रममार्फत् गत आवमा भने ६० हजार जना युवालाई रोजगारी दिएको थियो । उक्त कार्यक्रममार्फत् सुरूमा सूचीकृत दुई लाख युवालाई रोजगारी दिने बताएको थियो तर कार्यान्वयन हुन सकेको थिएन । वार्षिक करिब ६० हजारको संख्यामा मात्र युवाहरूले रोजगारी पाएको देखिन्छ । पालिकाहरूमा निकासा गरिने रकमबाट करिब ७० हजारले सय दिनका दरले रोजगारी पाउने लक्ष्य राखिएको थियो । तर पालिकाहरूमा सूचीकृत बेरोजगारको संख्या लाखौं रहेको थियो । बजेट कम भएकाले सूचीकृत बेरोजगारमध्ये करिब पाँच प्रतिशतभन्दा कमले मात्र कार्यक्रमबाट रोजगारी पाएका थिए ।

नेपालमा बेरोजगारको संख्या सवा करोडभन्दा बढी रहेको छ । रोजगारीको संख्या भने ७० लाख वटा मात्र रहेको छ । १८ देखि ५९ वर्षका व्यक्तिलाई संविधानले नै सुनिश्चित गरेको रोजगारीको हक कार्यान्वयनका लागि सरकारले 'प्रधानमन्त्री रोजगार कार्यक्रम' सुरू गरिएको थियो । तर कार्यक्रम सफलतवरमा कार्यान्वयन हुन सकेन । रोजगारी नभएको कारण युवाहरू उत्पादनशील रोजगारीमा आबद्ध गराउन सरकारले सकेको छैन । सोही कारणले गर्दा युवाहरूलाई पारिश्रमिकमा आधारित सामुदायिक पूर्वाधार निर्माण र मर्मतका कामा संलग्न गराउनु परेको देखिन्छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको दीर्घकालीन सोचका आधारमा वार्षिक क्रियाकलापसहित पाँच वर्षको कार्यक्रम दस्तावेज हो । तदनुरूप आवश्यक बजेट तथा स्रोत व्यवस्थापन वार्षिक विनियोजनबाट हुँदै आएको छ । पाँच आर्थिक वर्ष (२०७५/७६ देखि २०८०/८१) को लागि यस कार्यक्रमको अनुमानित बजेट २६ अर्ब ६२ करोड तीन लाख ७७ हजार रहेको छ । बजेट व्यवस्थापनसँगै कार्यक्रमलाई नतिजामुखी बनाउन अपेक्षित नतिजाको खाका समेत तयार गरिएको थियो । जसमा न्यूनतम रोजगारीको सुनिश्चिततामार्फत सामाजिक संरक्षण र उत्पादनशील रोजगारीका अवसर वृद्धि छ । न्यूनतम रोजगारी उपलब्ध नभएका घरपरिवारका एक सदस्यलाई निर्वाह भत्ताको व्यवस्था भएको हुनेछ । यस कार्यबाट सामाजिक संरक्षणको प्रवर्द्धनमा मद्दत पुग्ने उल्लेख गरिएको थियो । ओलीको कार्यकालमा पाँच वर्षभित्र बाध्यकारी वैदेशिक रोजगारीको अन्त्य गरी आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने उद्देश्यसहित २०७५ सालदेखि कार्यक्रम सुरू गरिएको थियो । न्यूनतम सय दिनको रोजगारी दिएर अति विपन्न वर्गलाई

➤ बाँकी पृष्ठ २ मा


# स्वास्थ्य सचिव देवकोटा मुछिएको आइरन चक्की खरिदसम्बन्धी ११ करोड घोटालाको अख्तियारमा उजुरी

■ केपी लामिछाने
काठमाडौं, कात्तिक १६



स्वास्थ्य सचिव डा. विकास देवकोटा मुछिएको आइरन चक्की खरिदमा भएको ११ करोड घोटालाको अख्तियारमा उजुरी परेको छ ।

सचिव डा. देवकोटा र स्वास्थ्य विभागका महानिर्देशक टंक बराकोटी सहितको टिमले बजार मूल्यभन्दा दोब्बर बढी दरमा फोलिक एसडसहितको आइरन चक्की (ट्याब्लेट) मा ११ करोडभन्दा बढी भ्रष्टाचार गरेको भन्दै अख्तियारमा उजुरी परेको हो ।




उजुरीमा डा. देवकोटा सहितको टिमले कृतिम माग खडा गरी २१ करोड ५० लाख ट्याब्लेट एकैपटक खरिद गर्नेगरी बोलपत्रमा प्रकाशित गरेको र त्यसमा एउटै मात्र उत्पादक कम्पनीलाई मिल्ने गरी १५ करोड गोटा बिक्री गरेको हुनुपर्ने सर्त राखी प्रतिगोटा ३५ देखि ४० पैसामा बिक्री हुँदै आएको औषधिको मूल्य

➤ बाँकी पृष्ठ २ मा

## सरकारी नीतिविपरीत पार्किङको पैसा उठाउन पाटन अस्पतालले गऱ्यो टेन्डर


पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
लगनखेल, ललितपुर, फोन नं. ०१-५५४५११२
प्रतिष्ठान परिसरमा रहेको भूमिगत पार्किङ क्षेत्र भाडामा दिने सम्बन्धी बोलपत्र आह्वानको सूचना ।
(प्रथम पटक प्रकाशित मिति: २०८२/०६/२८)
बोलपत्र सङ्ख्या : PAHS/NCB/UGP/04/082/083
प्रतिष्ठान परिसरको १९,३२५ वर्गफिट भूमिगत पार्किङ क्षेत्र सवारीसाधन पार्किङ गर्न भाडामा दिन लागिएको

काठमाडौं । सरकारको नीतिविपरीत ललितपुरमा रहेको पाटन अस्पतालले पार्किङको पैसा उठाउन टेन्डर आह्वान गरेको छ । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०८० साल वैशाख १३ गते सबै सरकारी निजी, सामुदायिक अस्पताल, प्रतिष्ठान तथा मेडिकल कलेजहरूलाई परिपत्र गर्दै पार्किङ शुल्क नउठाउन निर्देशन दिएको थियो ।

तर मन्त्रालयको निर्देशनविपरीत सरकारी स्वामित्वको पाटन अस्पतालले अस्पतालको भूमिगत पार्किङ भाडामा लगाउने भन्दै असोज २८ गते एक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरेको हो ।

➤ बाँकी पृष्ठ २ मा

## कतार भ्रमणमा जाँदै राष्ट्रपति

काठमाडौं, कात्तिक १६ । राष्ट्रपति रामचन्द्र पौडेल कतारको राजधानी दोहामा यही कात्तिक १८ देखि २० गतेसम्म आयोजना हुने 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन'मा सहभागी हुन सोमबार त्यसतर्फ प्रस्थान गर्दै छन् ।

कतारका अमिर शेख तमिम बिन हमद अल थानीको निमन्त्रणमा १२ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै उनी सम्मेलनमा सहभागी हुन सोमबार त्यहाँ प्रस्थान गर्न लागेको परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले जानकारी दिए । राष्ट्रपति पौडेलले कात्तिक १८ गते सम्मेलनको मुख्य सत्रलाई सम्बोधन गर्नेछन् ।

संयुक्त राष्ट्रसङ्घ, महासभाको

➤ बाँकी पृष्ठ २ मा

इ-पेपर हेर्नको लागि

## साढे दुई अर्ब संस्थागत मुद्दती राख्दै राष्ट्र बैंक

■ आर्थिक संवाददाता
काठमाडौं, कात्तिक १६

नेपाल राष्ट्र बैंकले संस्थागत निक्षेप लगानीको लागि प्रस्ताव आह्वान गरेको छ । राष्ट्र बैंकका अनुसार आफ्नो उपदान तथा पेन्सन कोषमा रहेको दुई अर्ब ६० करोड रूपैयाँ संस्थागत निक्षेपको रूपमा लगानी गर्न बैंक तथा वित्तीय संस्थाहरूसँग प्रस्ताव मागिएको हो ।

रकम लगानीको लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूले यही कात्तिक १८ गतेसम्म आफ्नो संस्थाले संस्थागत निक्षेपको रूपमा राख्न चाहेको रकम र दिन चाहेको ब्याज समेत तोकेर प्रस्ताव पेस गर्नुपर्नेछ । यसरी राखिने रकमको अवधि तीन सय ६६ दिन अर्थात् अवधि नोभेम्बर ९, २०२५ देखि नोभेम्बर ९, २०२६ सम्म रहेको छ ।

लगानीको लागि छुट्याइएको कुल रकममध्येमा वाणिज्य बैंकहरूको लागि दुई अर्ब आठ करोड, विकास बैंकहरूको लागि ३९ करोड र फाइनान्स

➤ बाँकी पृष्ठ २ मा

लगानीको लागि छुट्याएको रकम (रकम रुपैयाँमा)

| विवरण | लगानीको लागि छुट्याएको रकम |
|---|---|
| वाणिज्य बैंक | २०८००००००० |
| विकास बैंक | ३९००००००० |
| फाइनान्स | १३००००००० |
| कुल लगानीयोग्य रकम | २६०००००००० |

(स्रोतः नेपाल राष्ट्र बैंक)

## अधिक तरलता नियन्त्रणको लागि राष्ट्र बैंकले तान्यो ४० अर्ब

काठमाडौं, कार्तिक १६ । नेपाल राष्ट्र बैंकले अधिक तरलता नियन्त्रणका लागि बैंकिङ प्रणालीबाट ४० अर्ब रूपैयाँ खिचेको छ । आइतबार मौद्रिक उपकरण बिक्री गरेर उक्त परिमाणमा रकम खिचिएको राष्ट्र बैंकको भनाइ छ ।

परिपक्व हुने अवधि एक

➤ बाँकी पृष्ठ २ मा

## सैनिक मुख्यालयमा दुस्मनको घुसपैठी परीक्षण ?

काठमाडौं । काठमाडौं । गत असोज १८ गते सैनिक मुख्यालय छिरेर एक युवकले गरेको विध्वंश गत २४ गते संसद् भवनमा भेटिएको ड्रान जस्तै रहस्यमय घटना मानिएको छ र त्यसलाई दुस्मनको घुसपैठी परीक्षण हुन सक्ने सम्भावनातर्फ सबैको ध्यानआकर्षण गरेको छ ।

त्यसरात लगभग ११ बजेतिर जंगी अड्डाको काँडेतारवार नाघेर भित्र पसेर सिन्धुली तीन पाटन घर भई हाल न्यूरोड काठमाडौं बस्ने २४ बर्षीय राहुल बोगटीले आर्मी अफिसर क्लव सभामण्डल भवन भित्र पसेर सामानहरू टोडफोड गरेको थियो र भोलिपल्ट बिहान करिब १२ बजेतिर मात्र बोगटी त्यहाँबाट बाहिर निस्केको विवरण प्रकाशमा आएको छ ।

२४ सै घण्टा सैनिक प्रहरा रहने जंगीअड्डामा छिरेर १२ घण्टासम्म विध्वंश मच्चाउने बोगटीलाई प्रहरीले केहि समयपछि पकाउ गरेको छ । पकाउ परेपछि बोगटीले आफू होसमा नभएको बेला उक्त घटना भएको भनेर उम्कने प्रयास गरेको बयानबाजीलाई बढाइचढाई

➤ बाँकी पृष्ठ २ मा

# जेन-जीको परिपक्व निर्णय- ७३ वर्षको प्रधानमन्त्री !

१३ वर्षदेखि २८ वर्ष उमेरको जेन-जी समूहले गरिएको सडक आन्दोलन 'सफल' भएपछि जेन-जी समूहहरूले अन्तरिम सरकारको प्रधानमन्त्रीमा ७३ वर्ष उमेर भएको प्रधानमन्त्री छानेकोलाई एक परिपक्व निर्णय नै मान्नुपर्छ । मुलुक हाँक्ने सम्पूर्ण कामको जिम्मा लिने भनेको चानचुनको काम होइन । एक सिंगो मुलुक हाँक्ने व्यक्ति तीक्ष्ण दिमाग, उत्कृष्ट नेतृत्व सिप र अब्बल दर्जाको नैतिकता भएको व्यक्ति चाहिन्छ नै ।

अहिलेको प्रधानमन्त्रीले के-कस्तो क्षमता देखाउँछ हेर्न बाँकी नै छ । तर, अहिले देखापरिरहेको अलमलको राजनीति र मन्त्रिपरिषद् गठनमा भइरहेको ढिलाइ राम्रो संकेत पक्का पनि होइन । अबको एक दुई हप्ता अलग-अलग र सामूहिकरूपमा सम्पूर्ण स्टेक होल्डरहरूको कुरा मात्र सुनेर आफ्नो प्रतिक्रिया नदिइकन गहिरो विश्लेषण मात्र गरेर बस्नु उचित हुन्छ । हरेकलाई हरेक कामकुरोमा जवाफ दिनु जरूरी छैन । यत्तिको तात्तिएको राजनीतिक माहोलमा सबैलाई चित्त बुझाउनु भनेको असम्भव कुरा हो । भनिन्छ, नेतृत्वको अभ्यास बोलीले गर्ने होइन, प्रवुत्ति र कामक्रियाले गर्ने हो ।

कुनै काम सम्पादन गर्न कति उमेरको व्यक्ति उपयुक्त हुन्छ भन्ने कुरा वैज्ञानिक तवरले लेखाजोखा गर्न सक्तैन । केही नेतृत्व विज्ञको भनाइअनुसार धेरैजसो पाको उमेरको नेताहरू यथास्थितिमा नै रमाउने गर्छ र काँचुली फेर्ने खालको परिवर्तन गर्न हिच्किचाउँछ । अत्यन्तै कम उमेरको सरकार प्रमुखमा नियुक्त भएर विश्वमा नै हेडलाइन समचार बनेको प्रशस्त उदाहरण छन् । जेन-जीले पनि ४० देखि ६० वर्षबीचको उमेर भएकोलाई प्रधानमन्त्रीमा नियुक्त गरेको भए सुनमा सुगन्ध हुन्थ्यो नै । तीन करोड जनतामा तीक्ष्ण दिमाग, उत्कृष्ट नेतृत्व क्षमता र अब्बल दर्जाको नैतिकता भएका त्यस उमेरबीचको थुप्रै नेपाली नागरिकहरू पक्का पनि नभएका होइन । तर, यस क्याटेगोरीमा पर्ने अधिकांश व्यक्तिहरू 'अन्तरिम प्रधानमन्त्री हुन पाउँ' भनि जेन-जी समक्ष दरखास्त हाल्ने खालको नहुने बढी सम्भावना भएकोले जेन-जी समूह आफैँले

**फरक मत**

गृहकार्य गरेर छान्नुपर्ने हुन्थ्यो । सायद विभिन्न कारणले त्यो प्रक्रियामा जान सम्भव नभएको हुन सक्छ र अब यो विषयमा छलफल गर्नुको कुनै तुक छैन ।

गत केही वर्षदेखि प्रायः हरेक पुराना पार्टीमा पुस्ताको कुरा चलिरहेको पनि एक प्रकारको जेन-जी एजेन्डासँग मिल्दोजुल्दो नै छ । ३५ वर्षको लोकतन्त्रपछि पनि नेपाल राष्ट्रले अन्य धेरै मुलुकहरूले गरेजत्तिको गतिमा प्रगति गर्न नसकेपछि जेन-जीलगायत अधिकांश जनताले उक्त अवधिका प्रधानमन्त्रीहरूलाई दोष दिनु स्वाभाविक हो । उक्त अवधिमा प्रधानमन्त्री हुने व्यक्तिहरू कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा, पुष्पकमल थापा, माधवकुमार नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई, खिलराज रेग्मी, सुशील कोइराला र केपी शर्मा ओली हुन् । चुरो कुरो के हो भने उक्त ३५ वर्षको अवधिमा विश्वमा आर्थिक विकासखास गरी भौतिक पूर्वाधार निर्माण तथा उद्योग व्यापार क्षेत्रमा भइरहेको गतिविधिसँग तुलना गर्दा निज १३ जना व्यक्तिहरू राज्यसत्ता सञ्चालनमा नराम्रोसँग चुकेको मान्नैपर्ने हुन्छ । जसले जे भने पनि भाद्र २३/२४ गतेको घटना भएको धेरै कारणहरूमध्ये गत ३५ वर्षमा शीर्ष नेताहरू राष्ट्र

➤ बाँकी पृष्ठ २ मा

# ३१ अंकले बढ्यो बजार, नौ अर्बको सेयर कारोबार

काठमाडौं, कार्तिक १६ । सेयरबजार परिसूचक नेप्से उच्च अंकले उकालो लागेको छ । आईतबार ३० दशमलव ७५ अंकले उकालो लागेर नेप्से २६ सय ३१ दशमलव १४ विन्दुमा चढेको हो ।

साताको पहिलो कारोबार दिन तीन सय १९ वटा सेयर कारोबारमा आएका हुन् । जसमा दुई करोड ९७ लाख ३८ हजार एक सय ३९ कित्ता सेयर बिक्री भए । यही दिन कुल नौ अर्ब २० करोड ३१ लाख ४६ हजार चार सय २९ रूपैयाँको सेयर किनबेच भएको छ ।

यसदिन १३ वटा उपसमूहहरूमध्ये व्यापार ४२ दशमलव ५८ अंकले ओरालो लागे पनि बाँकी उकालो लागेका छन् । यसदिन वाणिज्य बैंक चार दशमलव शुन्य दुई, विकास बैंक ४९ दशमलव ६३, फाइनान्स एक सय १६ दशमलव आठ, जलविद्युत् ३९ दशमलव ९५, जीवन बीमा उपसमूहको सूचक पनि पाँच सय ५६ दशमलव ८६, निर्जीवन बीमा एक सय ४५ दशमलव ७४ अंकले उकालो लागेको नेप्सेले बताएको छ । यसैगरी, होटल तथा पर्यटन, लगानी, उत्पादनमूलक, लघुवित्त, सामूहिक लगानी कोष र अन्य उपसमूहको सूचक पनि क्रमशः ७५ दशमलव ९४, शून्य दशमलव ८४, ७० दशमलव ३५, ६७ दशमलव ८८, शून्य दशमलव शून्य दुई र २९ दशमलव १४ विन्दुले उकालो लागेका छन् ।

यसदिन सामुदायिक लघुवित्त वित्तीय संस्थाले सबैभन्दा बढी कमाउँदा खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडले सबैभन्दा बढी गुमाएको छ ।

## खारेज....

राहत दिने उद्देश्यले कार्यक्रमको सुरूवात गरिएको थियो । तर, सरकारले भने जसरी प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत बाध्यकारी वैदेशिक रोजगारीको अन्त्य भने गर्न सकिएको थिएन । साथै कार्यक्रम कार्यान्वयनको अवस्था समेत राम्रो बन्न सकेन ।

## स्वास्थ्य....

प्रतिगोटा ८५ पैसा राखेर बोलपत्र सदर गरेको उल्लेख छ ।

अख्तियारमा परेको उजुरीमा सुत्केरी महिलाले प्रयोग गर्ने आइरन चक्की अत्यावश्यक औषधि खरिद निर्देशिकाको दफा ४३ बमोजिम स्थानीय सरकारले खरिद गर्नुपर्ने भए पनि व्यवसायीहरूसँगको मिलेमतोमा सातै प्रदेशका स्वास्थ्य आपूर्ति केन्द्र र जिल्ला स्वास्थ्य कार्यालयमा आवश्यकताको वास्तविकता नहेरी केन्द्रबाटै ठूलो परिणाममा खरिद गर्नको लागि बोलपत्र प्रकाशित गरेको उल्लेख छ ।

यसअघि सो औषधि स्वास्थ्य विभागअन्तर्गतको परिवार कल्याण महाशाखाले केन्द्रबाट खरिद नगरी स्थानीय/प्रदेश सरकारले खरिद गर्नुपर्ने भनि स्वास्थ्य मन्त्रालयलाई पत्राचार गरिसकेको भए पनि स्वास्थ्य मन्त्रालयले निहित स्वार्थ समूहको मिलोमतोमा स्वास्थ्य सेवा विभागलाई बजेट पठाई केन्द्रबाट खरिद गर्न निर्देशन दिएको उजुरीमा बताइएको छ ।

उजुरीमा एउटै कम्पनीलाई दिनेकै लागि औषधिको लागत मूल्य निर्धारण गर्दा बोलपत्रमा भाग नलिने व्यवसायीको स्वार्थमा तीन उत्पादक कम्पनी जसको तत्कालीन अवस्थामा डब्लुएचओ-जिएमसप नवीकरण नभएका कम्पनीबाट कोटेसन लिएर स्वार्थ मिलेको कम्पनीलाई ठेक्का दिइएको उल्लेख छ ।

मिलेमतोमा बोलपत्र प्रकाशित भएकोले प्रतिस्पर्धी बनाउन व्यवस्थापन महाशाखामा विभिन्न व्यवसायीले निवेदन दिएको तर निवेदनमाथि कुनै सम्बोधन नै नगरिएको भन्दै उजुरीमा मूल्य निर्धारण गर्दा समेत संलग्न नहुने ३ उत्पादकबाट मूल्य लिएर कानुन सम्मत देखाई मिलेमतोमा रेट राखिएको उल्लेख छ ।

सचिव डा. देवकोटालाई यसअघि पनि आफू मन्त्रालयमा सचिव भएर आएलगत्तै आफ्नै श्रीमती बिष्णु भुजेललाई विनाप्रतिस्पर्धा अधिकृतस्तरको परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालको नर्सिङ क्याम्पसमा नर्सिङ प्रशिक्षक नियुक्त गरेको आरोप लाग्दै आएको छ ।

## सरकारी...

स्वास्थ्य सस्था सञ्चालनसम्बन्धी मापदण्ड २०७७ अनुसार सरकारी तथा निजी अस्पतालहरूले पार्किङ शुल्क उठाउन नपाइने भए पनि पाटन अस्पतालले सेवा शुल्क लिने गरी टेन्डर आह्वान गरेको हो ।

अस्पतालमा उपचार गर्न आउनेहरूलाई निः शुल्क सेवा दिन पर्नेमा पार्किङको भाडा लिने गरी टेन्डर आह्वान भएपछि ललितपुरका सरोकारवालाहरूले आपत्ति जनाउँदै त्यसलाई रोक्न माग गरेको छन् । ललितपुरका नागरिक समाजका अगुवाहरू सवीर नकर्मी, पृथविन्दु महर्जन, पवन शाही, नरेश शाहीलगायतले टेन्डर रोक्न माग गर्दै पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको साथै ललितपुर महानगरपालिकामा समेत उजुरी गरेका छन् ।

नागरिक समाजका अगुवाहरूले अस्पतालमा आउने बिरामी, बिरामी कुरूवालगायतलाई निःशुल्क पार्किङको व्यवस्था गर्न माग गर्दै गरेको उजुरीमा 'देशको विभिन्न स्थानबाट उपचार गर्नका निम्ति जे-जस्तो दुःख गरी उपचार गर्न आउने बिरामी, बिरामी कुरूवालगायतबाट पुनः पार्किङस्थल भाडा असुली गर्ने कार्य कानुनी र नैतिक हिसाबले पनि मान्य हुने कार्य होइन,' भनिएको छ ।

पार्किङ शुल्कबारे बुझ्न पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार प्रो.डा. पारस कुमार आचार्यलाई फोन सम्पर्क गर्दा उनले सरकारले सञ्चालन खर्च व्यहोरेदेखि पार्किङ शुल्क उठाउने निर्णयबाट आफुहरू पछि हट्न सक्ने तर सरकारले जिम्मा नलिने हो भने यो लागू हुने बताए ।

पाटन अस्पताललाई अन्य सरकारी अस्पतालहरू टिचिङ वीर अस्पतालसँग तुलाना गर्न नहुने बताउँदै उनले पाटन अस्पताल आफ्नै पौरखले सञ्चालन भइरहेको र यसमा सरकारको कुनै सहयोग नरहेको बताए ।

तर अस्पताल स्रोतका अनुसार पार्किङ शुल्क उठाउने निर्णय गराउन डा. आचार्यको भूमिका रहेको र अरूले निःशुल्क गरौंभन्दा पनि उनले नमानेको बताइएको छ । अस्पतालका एक कर्मचारीले आर्थिक दैनिकसँग कुरा गर्दै अस्पतालजस्तो संस्थाले पार्किङ भाडामा दिएर चल्न नहुने बताए ।

## कतार...

निर्णयअनुसार हुन लागेको उक्त सम्मेलन सदस्य राष्ट्रका लागि धेरै महत्त्वपूर्ण हुने विश्वास लिइएको छ । भ्रमणबारे जानकारी दिन आज मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सचिव राईले ३० वर्षपछि हुन लागेको सम्मेलनको महत्त्व र गरिमाअनुरूप नेपालबाट राष्ट्रपतिको सहभागिता हुन लागेको उल्लेख गरे ।

सम्मेलनका क्रममा राष्ट्रपति पौडेलसँग कतारका अमिर र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलगायत विभिन्न विशिष्ट व्यक्तिहरूको भेटवार्ता हुनेछ । यसअघि उक्त सम्मेलन १९९५ मा डेनमार्कको कोपनहेगनमा भएको थियो । यसपटक कतारले सम्मेलन आयोजना गरेको हो । सम्मेलनमा वर्तमान विश्वले सामना गर्नुपरेका विकास असमानता, जनसत्त्यामा आएको असन्तुलन र प्रविधिका कारण समाजमा परेको प्रभावलगायत विषयमा विभिन्न कोणबाट गहन छलफल हुने बताइएको छ । सम्मेलनले सामाजिक विकासका लागि सहकार्य र सहयोगका विषयमा साझा प्रतिबद्धता जाहेर गर्ने जनाइएको छ ।

सन् १९५५ मा संयुक्त राष्ट्रसङ्घको सदस्य भएपछि नेपाल शान्ति र स्थायित्वका लागि सधैं सक्रिय र प्रतिबद्ध रहिआएको छ । हाल नेपाल राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्को अध्यक्ष रहेकाले पनि सम्मेलनमा सहभागिता अर्थपूर्ण छ । कतारको औपचारिक भ्रमण पूरा गरी राष्ट्रपति पौडेल यही कात्तिक २० गते स्वदेश फर्कनुहुने मन्त्रालयले जनाएको छ । रासस

## साढे...

कम्पनीहरूको लागि १३ करोड रूपैयाँ छुट्याइएको छ । रकम लगानीको लागि प्रस्ताव पेस गर्ने बैंक तथा वित्तीय संस्थाहरू सञ्चालनमा आएको कम्तीमा दुई वर्ष पूरा गरेको हुनुपर्नेछ । यीबाहेक तोकिएको न्यूनतम कुल पुँजीकोष (बफरसहित) कायम रहेको, निष्क्रिय कर्जा (एनपीए) कुल कर्जा सापटको आठ प्रतिशतभन्दा कम भएको, खुद निष्क्रिय कर्जा तीन प्रतिशत ननाघेको, खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तीमा २० प्रतिशत वा सोभन्दा बढी रहेको हुनुपर्ने प्रावधानहरू तोकिएका छन् ।

कर्जा तथा स्वदेशी निक्षेप र प्राथमिक पुँजी अनुपात यस बैंकले निर्धारण गरेको सीमाभित्र रहेको, सर्वसाधारणको लागि छुट्याइएको सेयर जारी गरिसकेको, निकटतम अघिल्लो आवमा सञ्चालन मुनाफा-व्यवस्थापछिको मा रहेको, लगानी गरिने बैंकको कुनै पनि सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालकलाई राष्ट्र बैंकले जरिवाना गरेको अवस्थामा त्यस्तो जरिवाना गरिएका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालक बैंकमा नरहेको, शीघ्र सुधारात्मक कारबाहीमा परेको भए फुकुवा भएको कम्तीमा छ महिना पूरा भएको, लगानी गरिने बैंक नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिमको कारबाहीमा परी समस्याग्रस्त घोषणा नभएको तथा समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको छ महिना अवधि पूरा भएको एवम् रियल स्टेट कर्जा बैंकबाट तोकिएको सीमाभन्दा बढी नभएको हुनुपर्ने प्रावधानहरू तोकिएका छन् ।

## अधिक...

सय ७५ दिन तोकिएको यो उपकरणको सावाँ ब्याज भुक्तानी २०८३ बैशाख १३ गते तोकिएको छ । राष्ट्र बैंकका अनुसार वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीहरूमा यो उपकरण बिक्री गरिएको हो ।

खरिदकर्ताहरूले घटीमा १० करोड र बढीमा पाँच करोड रूपैयाँले भाग गर्दा निःशेष भाग जाने गरी कुल आह्वान रकमसम्मको निक्षेप उपकरण खरिद गर्न सक्ने सीमा तोकिएको थियो । यसरी खरिद गरिएको उपकरण राष्ट्र बैंकबाहेकका बैंक तथा फाइनान्स कम्पनीहरूमा धितोको रूपमा समेत राख्न सकिने व्यवस्था रहेको राष्ट्र बैंकको भनाइ छ ।

## सैनिक...

प्रचारबाजी गरिए पनि त्यस घटनाका पछाडि सेनाविरूद्धको षड्यन्त्रको परीक्षण हुन सक्ने विज्ञहरूको आशंका रहेको छ ।

यसअघि गत असार २४ गते संसद् भवन नयाँ बानेश्वरमा १५ केजीको ड्रोन भेटिएको थियो । अनुसन्धान गर्दा उक्त ड्रोन टेक स्पायर कलेजका विद्यार्थीहरूले हानेको पाइएको थियो । तर प्रहरीले त्यस घटनामा संलग्न प्राध्यापक विजयबाबु रेग्मीलगायत विद्यार्थीहरू समन महर्जन, सुजलकाजी श्रेष्ठ, समीज खतिवडा र अफ्ताब रेजालाई पक्राउ गरेर पनि सामान्य सोधपुछ गरेर छाडेको थियो ।

प्रहरीले उक्त ड्रोन हमलालाई जति गम्भीरतापूर्वक लिनुपर्ने हो, त्यसरी लिएको थिएन । त्यसको परिणाम भदौ २३, २४ को विध्वंशले पुष्ठी गरेको छ । सैनिक मुख्यालय छिरेर बोगटीले गरेको विध्वंश राष्ट्रद्रोहीहरूले त्यस्तै अर्को विध्वंशको लागि गरेको परीक्षण हुन सक्नेतर्फ गम्भीररूपमा सोच्नुपर्ने अवस्था आएको छ ।

## जेन–जीको.....

निर्माणमा नराम्रोसँग चुकेकोले उब्जाएको जनताको रिस एक प्रमुख कारण हो ।

ती १३ जना नेताहरूमा एउटै समानता भनेको उहाँहरू सबै 'बुढापाका' भइसकेकाहरू हुन्, सबैलाई पहिलो पुस्ताको क्याटेगोरीमा राख्नलायकका हुन् । त्यसकारण उहाँहरू तेह्रैजना नेताहरूलाई एकै बास्केटमा राखेर देशभर बहस चल्यो कि सबै बुढापाका कामै नलाग्ने भयो भनेर । 'बिचरा' शीर्ष नेताहरूलाई पनि प्रतिरक्षा गर्न कठिन हुँदै गयो । अब नयाँ अथवा दोस्रो पुस्ताले पार्टी र देश हाँक्नुपर्‍यो भनेर देशभर चारैतिर बहस सुरू भयो । यसरी देशभर चारैतिर नयाँ पुस्ता वा दोस्रो पुस्ताबारे बिगबिगी चलिरहेको माहोलमा जेन-जीले ७३ वर्ष उमेरको प्रधानमन्त्री छानेकोलाई अनौंठो तर एक परिपक्व निर्णय नै मान्नुपर्छ ।

साधारणतयाः मनुष्यमा नेतृत्वको गुण जन्मेदेखि प्राप्त हुने मानिने भए पनि केही गुणहरू अनुभवले मात्र प्राप्त हुन्छ । पुस्ताको विषयलाई चाहिनेभन्दा बढी चर्चामा ल्याइरहेको विषय सैद्धान्तिक हिसाबले पनि व्यावहारिक तवरले पनि गलत हो । उपसचिवलाई सचिवको काम दिनुपर्‍यो, पर्याप्त मात्रामा अनुभव नभएको चिकित्सकबाट शल्योपचार गराउनु झन् राम्रो हुन्छ, क्याप्टेनले विमान चलाउनेभन्दा को-पाइलटले विमान चलाउँदा बढी सुरक्षित हुन्छ भन्नु गलत हुने सामान्य ज्ञानको कुरा हो । केही वर्ष पहिले सरकारले पनि केही बुज्रुकको कुरा सुनेर ५५ वर्ष उमेरमाथिकोलाई संस्था प्रमुखमा नियुक्त गर्न नपाउने अचम्मको नीति अपनाएर दुई चारवटा सार्वजनिक संस्थाहरूलाई नराम्रोसँग ढक्का पुर्‍याइदियो । जबकि, त्यही समय नयाँ दिल्लीमा एक मेट्रो रेलवे आयोजना प्रमुखको उमेर ७९ वर्ष पुगेर स्वास्थ्यको कारण राजीनामा दिएपछि तत्कालीन भारतीय प्रधानमन्त्रीले थप एकदुई वर्ष पदमा बसिदिन आग्रह गरेको समाचार आएको थियो । वास्तवमा निजामती कर्मचारीहरूमा बाहेक अन्य सम्पूर्ण नियुक्तिहरूमा उमेरको हद नराख्नु उपयुक्त हुन्छ । एक पदाधिकारीको कार्यसम्पादनलाई भन्दा उमेरलाई प्राथमिकता दिनु कुनै पनि दृष्टिकोणले मिल्ने कुरा होइन ।

राजनीतितर्फ पनि पार्टीहरूमा उमेरको हद राख्ने तर्क गलत हो । हुनुपर्ने के हो भने बहालवाला पार्टी प्रमुखको पदावधि सीमित गराए नयाँ आउने प्रमुखमा कुनै उमेरको हद नराख्नु उचित हुन्छ । ६०/६५ वर्षको पार्टी सभापतिलाई विस्थापित गरेर ४५ देखि ८०/८५ वर्ष उमेरको सभापति नियुक्त गर्न पाउने पार्टी विधान बनाउनु उपयुक्त हुन्छ । विश्वभर ८० वर्ष उमेर नाघेकाहरू पनि सरकार प्रमुख भएको थुप्रै उदाहरण छन् । नेपालमा भएको के हो भने अन्य विभिन्न कारणहरूले गर्दा न मुलुक राम्रो ढंगले चल्यो न ठूला पार्टीहरू नै व्यवस्थितरूपमा सञ्चालन भयो । तर, ती कारक तत्वहरू खोतल्न अल्छी लागेर 'बलिको बोका' शीर्ष नेताहरूको उमेरलाई बनाउन पुग्यो । अर्को कुरा, अनुभव र उमेर फरक कुरा हो । कम उमेरमै प्रशस्त अनुभव बटुल्न नसकिने होइन । अनुभव र उमेरको मिश्रणले नेतृत्वमा परिपक्वता मौलाउँदै आउँछ ।

वर्तमान प्रधानमन्त्रीले चाहे पनि नचाहे पनि प्रधानमन्त्रीको कुर्सीमा बसिसकेपछि उहाँलाई एक सुनौलो अवसर प्राप्त भएकै हो । त्यो अवसर भनेको भविष्यमा समेत ठूलो असर पर्नेगरी राष्ट्र निर्माणमा उहाँले खेल्न सकिने विशेष भूमिका हो । एक नेता सफल हुन अनिवार्यरूपमा आवश्यक केही नेतृत्वको विशेषताहरू उहाँले प्रयोग गर्नुपर्ने हुन्छ । एक विश्वप्रख्यात नेतृत्व विज्ञको भनाइअनुसार सफल नेता हुन अन्य धेरै नेतृत्वऔजारको प्रयोगसँगै आवश्यक परेमा अतिकडा हुनुपर्ने हुन्छ र कहिलेकाहीँ शक्ति(कुर्सी)को नाङ्गो प्रयोग पनि गर्नुपर्ने हुन्छ । अब जनता गत ३५ वर्षको राज्यसत्ता सञ्चालन, राष्ट्रिय राजनीति तथा पार्टी-पार्टीबीचको द्वन्द्व र पार्टीभित्रको फोहोरीखेलहरूसँग दिक्क भइसकेका छन् । जनता अझै केही चमत्कार होला कि भनेर धैर्य गरेर बसिरहेको अवस्था छ । अन्तरिम प्रधानमन्त्री भएको नाताले उहाँ ४६ सालको कृष्णप्रसाद भट्टराई सरहको अधिकार प्राप्त प्रधानमन्त्रीजस्तै हो भन्ने मान्यतामा उहाँ अघि बढेको खण्डमा परम्परागत पार्टीका केही कार्यकर्ताहरूले बाहेक जेन-जीलगायत सम्पूर्ण जनताले साथ दिनेछ ।


### ग्लोबल आइएमई बैंक लिमिटेडको
### निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको नारायणघाट शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका प्रेम प्रसाद कंडेलको मिति २०८२/०५/२४ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती तुलादेवी कंडेलबाट मिति २०८२/०६/२२ मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक

नारायणघाट शाखा
फोन नं.: ०५६-५९६१०२
ग्लोबल कनेक्ट: ०१-५९७०६००



### हकदावीको सूचना

सुदूरपश्चिम प्रदेश कन्चनपुर जिल्ला भीमदत्त नगरपालिका वडा नं.१३ बस्ने श्री नर बहादुर लुहारको श्रीमती, श्री चन्दु कोलीको छोरी, श्रीमती पाना लुहारिको मिति वि.सं.२०८१/०५/१९ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ०८३०५२५०२७१९०५ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाँउ भनि निजको श्रीमान श्री नर बहादुर लुहार आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, महेन्द्रनगर
फोन नं:- ०९९-५९०२२६, ५९०२२७



### ग्लोबल आइएमई बैंक लिमिटेडको
### निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको शहिदचोक शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका चन्द्र कुमार पियाको मिति २०८२/०६/२० मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती मसिनु देवी पियाबाट मिति २०८२/०७/१३ मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक

शहिदचोक शाखा
फोन नं.: ०५६–५९६०६५
ग्लोबल कनेक्ट: ०१-५९७०६००



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०७९/१२/०२ मा दर्ता भएको प्रा.लि.नं. ३०९१४२/०७९/०८० को **ड्रीमभिजन एजुकेसन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०७/१४ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम कम्पनी खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०७१/०५/०८ मा दर्ता भएको प्रा.लि.नं. १२५८८६/०७१/०७२ को **सिनामंगल मार्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०७/१४ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम कम्पनी खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
### हकदाबी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७१-०४-२२ मा दर्ता भएको प्रा.लि.नं. १२५३११ को **जि.आर.एन. इन्टरनेशनल ट्रेडिङ्ग** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



### विज्ञान कुमार स्याङ्वाको नाममा १५ दिने सूचना

**काठमाडौं जिल्ला का.म.पा. वडा नं. ६ महाँकालस्थित कि.नं.४९/१८८ २८५.४० व.मि. क्षेत्रफलमा बनेको मेरो घरमा एक फ्ल्याट भाडामा लिई वर्ल्ड कनेक्ट कन्सल्टेन्सी प्रा.लि.को सञ्चालक तपाई विज्ञान कुमार स्याङवाले विगत १ वर्षदेखि भाडा नतिरी सम्पर्क विहिन भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा सम्पर्कमा आउनुभई बाँकी बक्यौता रकम चुक्ता गरी फ्ल्याट खाली गरि दिनुहोला अन्यथा कानुन बमोजिम प्रक्रिया अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ ।**

**घरधनी: पञ्च कुमारी गुरुङ्ग, का.म.पा. वडा नं.-६ महाँकाल**



### कम्पनीको नाम तथा ठेगाना परिवर्तनको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/०७/१७

यस कम्पनीको मिति २०८२/०६/०४ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **मुफासा लिकर प्रा.लि.** (**दर्ता नं.३३५०६९**) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०६/०७ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **जेन इन्टिरियर स्टुडियो प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ । साथै कम्पनीको रजिष्ट्रर्ड कार्यालय **गोकर्णेश्वर नगरपालिका ८ काठमाडौं**बाट परिवर्तन गरी **ललितपुर महानगरपालिका–७ ललितपुर** कायम गरिएको जानकारी गराइन्छ ।



### हे युवा बचत तथा ऋण सहकारी संस्था लि.

*प्रधान कार्यालय: बाग्मती प्रदेश, का.जि.का.म.न.पा-३२, सुविधानगर, तिनकुने, काठमाडौं ।*

**१६ औं वार्षिक साधारण सभा हुने बारे सुचना**

*यस हे यूवा बचत तथा ऋण सहकारी संस्थाको मिति २०८२/०७/१४ गते शुक्रबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार तपशिलको मिति, समय र स्थानमा संस्थाको १६औं बार्षिक साधारणसभा हुने भएकोले यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।*

**तपशिल:**
*मिति: २०८२ साल मंसिर १२ गते शुक्रबार*
*समय: दिनको १:०० बजे*
*स्थान: ताज बेन्क्वेट, काठमाडौं महानगरपालिका-३२, तीनकुने, सुविधानगर, काठमाडौं ।*

**प्रस्तावहरू**
१. संस्थाको संचालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व.२०८१/०८२ को बार्षिक लेखा परिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा
४. आ.व.२०८२/०८३ को लेखा परिक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
५. आ.व.२०८१/०८२ मा संचालक समितिले गरेका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
६. विनियम पुनर्लेखन सम्बन्धमा ।
७. आन्तरिक निति तथा कार्यविधी पुनर्लेखन तथा संसोधन सम्बन्धमा ।
८. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधी चयन गर्ने सम्बन्धमा ।
९. विविध सम्बन्धमा ।

**संस्थाका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यसै सूचना मार्फत सभामा सहभागी हुन सादर अनुरोध गरिन्छ ।**



### प्रभु बैंक लिमिटेड, शाखा कार्यालय ईटहरी, सुनसरीका,तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्ने तथा धितो सम्पति लिलाम बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना ।

**(सुचना प्रकाशित मिति २०८२/०७/१७ गते सोमबारको आर्थिक राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०२/०६ गते मंगलबारको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितो लिलाम विक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय, ईटहरी, सुनसरीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८२/०८/०२ गते मंगलबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको शाखा कार्यालय, ईटहरी, सुनसरीमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्च: यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

| ऋणी : केशव कुमार विष्ट | जमानतकर्ता : श्रीमति चन्द्रकला विष्ट |
| --- | --- |
| (ना.प्र.नं. ९८२७/२३२६/४५२४/७०७, जारी मिति २०४३/०४/१७ जि.प्र.का. सुनसरी) ।<br>ठेगाना : सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. ६ (साविक इटहरी न.पा. वडा नं. १) ।<br>बाबु : केवल मान विष्ट । बाजे : जय बहादुर विष्ट । | (ना.प्र.नं. को.सु ४, जारी मिति २०४५/.../..., जि.प्र.का. काठमाण्डौ) ।<br>ठेगाना : सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. ६ (साविक इटहरी न.पा. वडा नं. १) ।<br>बाबु : तिल बहादुर बराल ।<br>पति : केशव कुमार विष्ट । ससुरा : केवल मान विष्ट । |

**ख.लिलाम बिक्री हुने सम्पत्तिको विवरण:**

१. केशव कुमार विष्टको नाममा मालपोत कार्यालय, इनरुवा सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला इटहरी न.पा. वडा नं. १, नक्सा सिट नं. १क, कित्ता नं. १४१५ क्षेत्रफल ०-०-१३.५०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...१

**पुनश्च:**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैं**कको प्रधान कार्यालय बबरमहल, **काठमाण्डौ स्थित कर्जा असुली विभाग वा** शाखा **कार्यालय इटहरी, सुनसरी**बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय बबरमहल, **काठमाण्डौ स्थित कर्जा असुली विभाग वा बैंकको शाखा कार्यालय, ईटहरी सुनसरीमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

# दुई दिने नास आईटी एक्स्पो हुने

**आर्थिक संवाददाता**
काठमाडौं, कात्तिक १६




नेपाल एसोसिएसन फर सफ्टवेयर एन्ड आईटी सर्भिसेस कम्पनिज (नास आईटी) ले दुई दिने नास आईटी एक्स्पो आयोजना गर्ने भएको छ । नास आईटीले कात्तिक २१ र २२ गते 'टिग नास आईटी एक्स्पो २०२५' आयोजना गर्न लागेको जानकारी दिएको हो । ललितपुरको सानेपास्थित हेरिटेज गार्डेनमा हुने एक्स्पोमा विभिन्न आईटी सफ्टवेयर, प्रडक्ट र सेवाहरु प्रदर्शनीमा रहने छन् ।

स्थानीय प्रविधि र डिजिटल उद्यमशीलतालाई प्रवर्द्धन गर्नका लागि पहिलोपटक नास आईटी एक्स्पो गर्न लागेको नास आईटीका अध्यक्ष गौरव पाण्डेले बताए । 'एक्स्पोले नेपालको आईटी कम्पनी, नेतृत्व र लगानीकर्तालाई एउटै प्लेटफर्ममा ल्याएर सहकार्य अवसर र नवीनतम प्रविधिका सम्भावनाहरुमा केन्द्रित हुन सहयोग गर्नेछ,' आइतबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा पाण्डेले भने । यस्तै, नास आईटीका उपाध्यक्ष दिपेन चापागाईंले एस्पोका लागि आईटी र व्यावसायिक समुदायबाट आएको प्रतिक्रियाबाट निकै उत्साहित भएको बताए ।

सहकार्य, नवप्रवर्तन र विश्वासको बलमा नेपालको डिजिटल भविष्य निर्माण गर्ने एक्स्पो एक ऐतिहासिक माइलस्टोन हुने उनको भनाइ छ । नास आईटी एक्स्पोको शीर्ष प्रायोजकमा अकाउन्टिङ सफ्टवेयर टिग रहेको छ, जसअनुसार टिगद्वारा प्रस्तुत नास आईटी एक्सपो २०२५ को नामबाट एक्स्पो सञ्चालन हुनेछ । परम्परागत प्रदर्शनीभन्दा फरक हुने गरी यस कार्यक्रमलाई व्यावसायिक अवसर, सहकार्य र ब्रान्ड निर्माणको गतिशील मञ्चका रुपमा तयार गरिएको छ । एक्सपोमा विशेष गरी कृत्रिम बुद्धिमत्ता (एआई) र डिजिटल रुपान्तरणमा जोड दिइएको छ । नास-आईटी एक्स्पो केवल एक प्रदर्शनी नभएर नेपालका आईटी प्रतिभा र व्यावसायिक अवसरबीचको सेतु भएको नास आईटीकी महासचिव एलिसा श्रेष्ठले बताइन् ।

एक्स्पोमा ३० बढी आईटी सेवा र प्रडक्टहरुको प्रदर्शनी रहने छ । एक्स्पो अवलोकनकर्तालाई विशेष अफरको व्यवस्था समेत गरिएको नास आईटीले जनाएको छ । साथै, कम्पनीहरुले आफ्ना नवीनतम डिजिटल समाधानहरु सार्वजनिक गर्न र लाइभ पिच सेसनमार्फत आफ्नो सोच देखाउने सक्ने छन् ।

एक्स्पोमा उद्यमी, निजी तथा सरकारी क्षेत्रका उच्च अधिकारी, नीति निर्माता, लगानीकर्तालगायत सूचना प्रविधिमा इच्छुकहरु सहभागी हुन पाउने जनाइएको छ ।

# बीटीटीएफ– २०२५ मा नेपाललाई 'जीवनभर सम्झनलायक गन्तव्य'को रुपमा प्रस्तुत

**आर्थिक संवाददाता**
काठमाडौं, कात्तिक १६




बंगलादेशको ढाकामा सम्पन्न भएको तीनदिने तेह्रौं बंगलादेश ट्राभल एन्ड टुरिज्म फेयर (बीटीटीएफ) मा नेपाललाई जीवनभर सम्झनालायक गन्तव्यको रूपमा प्रस्तुत गरिएको छ ।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका कार्यवाहक निर्देशक सुनिल शर्माले नेपालका पर्यटकीय गन्तव्यबारे विस्तृत प्रस्तुति दिंदै नेपाल अनुभवमा आधारित जीवनभर सम्झनलायक गन्तव्य भएको जानकारी गराएका छन् । त्यसैगरी, बंगलादेशका लागि नेपालका राजदूत घनश्याम भण्डारीले आफ्नो मन्तव्यमा नेपाल-बंगलादेशबीचका ऐतिहासिक, सांस्कृतिक र जन-जनबीचका सम्बन्ध भएको उल्लेख गर्दै पर्यटन आदान-प्रदानलाई अझ सुदृढ बनाउनुपर्ने उल्लेख गरेका छन् ।

औपचारिक कार्यक्रमपछि नेपाल र बंगलादेशका पर्यटन व्यवसायीबीच बीटुबी अन्तर्क्रिया तथा नेटवर्किङ्ग सत्रसमेत भएको थियो । साथै, कार्यक्रमकै क्रममा 'राफल ड्र' आयोजना गरी विशेष 'होलिडे प्याकेज'हरु पनि घोषणा गरिएको थियो । यस कार्यक्रममा एक सयभन्दा बढी बंगलादेशी टुर अपरेटरहरु सहित दुवै देशका पर्यटन व्यवसायी र सरोकारवालाहरु सहभागी थिए । बंगलादेशको सबैभन्दा ठूलो पर्यटन प्लेटफर्म बीटीटीएफ अक्टोबर ३० देखि नोभेम्बर १ सम्म ढाकामा सम्पन्न भएको हो । नेपाल पर्यटन बोर्ड, नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाटा) सहित नेपालका १० पर्यटन व्यावसायिक कम्पनीहरुले सहभागिता जनाएका थिए । नेपाल पर्यटन बोर्डको नेतृत्वमा सहभागी टोलीमा १६ जना सदस्यहरु रहेका थिए, जसमा टुर अपरेटर, ट्राभल एजेन्सी तथा होटल प्रतिनिधिहरु समावेश थिए । टोलीले साहसिक पर्यटन, प्रकृति, संस्कृति र विशेष विषयका पर्यटन उत्पादनहरु प्रस्तुत गर्दै नेपाललाई बंगलादेशी यात्रुहरुका लागि छोटो दूरीमै पाउने अद्वितीय तथा अर्थपूर्ण गन्तव्यका रुपमा प्रवर्द्धन गरिएको छ ।

यस अन्तर्राष्ट्रिय मञ्चले नेपाल पर्यटन बोर्ड र नेपाली पर्यटन व्यवसायीहरुलाई क्षेत्रीय सहकार्य मजबुत पार्न, अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ बनाउने र नेपाललाई 'जीवनभरको अनुभवको गन्तव्य'का रुपमा प्रवर्द्धन गर्न महत्वपूर्ण अवसर प्रदान गरेको जनाइएको छ ।


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रनिगाहपुर, रौतहट तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८२/०७/१७ गते सोमबारको आर्थिक राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०४/०५ गते सोमवारको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना तथा धितो लिलाम विक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दरभाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८२/०८/०२ गते मंगलबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैकको शाखा कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्च: यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

१. **ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय गौर रौतहटमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत मिति २०७१/०६/०८ मा प्रा.फ.र.नं. ३५३७/१२८ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यालय सिमरा, करदाता सेवा कार्यालय गौरबाट मिति २०७१/०६/०८ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०२५७५२४३ को प्रमाणपत्र प्राप्त **न्यु नमस्ते इलेक्ट्रोनिक्स**। फर्मको ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा न. १।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : बाल कुमार पहाडी**<br>(ना.प्र.नं. २/८७५/२३२५, जारी मिति २०५२/०५/३०, जि.प्र.का.रौतहट)।<br>ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. ४ (साविक ऐ.न.पा. वडा नं. १)।<br>बाबु : ऋषिराम पहाडी।<br>बाजे : हरीनारायण पहाडी। | **जमानतकर्ता : ऋषिराम पहाडी**<br>(ना.प्र.नं. ९५९/५०९५, जारी मिति २०४२/११/०१, जि.प्र.का. सिन्धुली)।<br>स्थाई ठेगाना : सिन्धुली जिल्ला फिक्कल गा.पा. वडा नं. २ (साविक पोखरी गा.बि.स. वडा नं. २)।<br>हालको ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं ४।<br>बाबु : हरीनारायण पहाडी। बाजे : डिल्ली राम। |
| **जमानतकर्ता : तुलसा देवी पहाडी**<br>(ना.प्र.नं. ८७२९/९५२, जारी मिति २०४५/०१/१६, जि.प्र.का. सिन्धुली)।<br>स्थाई ठेगाना : सिन्धुली जिल्ला फिक्कल गा.पा. वडा नं. २ (साविक पोखरी गा.बि.स. वडा नं. २)।<br>हालको ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं ४।<br>बाबु : चित्राखर अधिकारी।<br>पति : ऋषिराम पहाडी। ससुरा : हरीनारायण पहाडी। | **जमानतकर्ताः लक्ष्मी कुमारी न्यौपाने** (ना.प्र.नं. ६५६, जारी मिति २०६२/०६/०३, जि.प्र.का. रौतहट)।<br>ठेगाना : रौतहट जिल्ला पौराई गा.बि.स. वार्ड नं. ५।<br>हालको ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं १।<br>बाबु : केदारनाथ न्यौपाने।<br>पति : बाल कुमार पहाडी।<br>ससुरा : ऋृषिराम पहाडी। |
| **२. ऋणीः बाल कुमार पहाडी** (ना.प्र.नं. २/८७५/२३२५, जारी मिति २०५२/०५/३०, जि.प्र.का.रौतहट)।<br>ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. ४ (साविक ऐ.न.पा. वडा नं. १)।<br>बाबु : ऋषिराम पहाडी।<br>बाजे : हरीनारायण पहाडी। | **जमानतकर्ता : ऋषिराम पहाडी**<br>(ना.प्र.नं. ९५९/५०९५, जारी मिति २०४२/११/०१, जि.प्र.का. सिन्धुली)।<br>स्थाई ठेगाना : सिन्धुली जिल्ला फिक्कल गा.पा. वडा नं. २ (साविक पोखरी गा.बि.स. वडा नं. २)।<br>हालको ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं ४।<br>बाबु : हरीनारायण पहाडी। बाजे : डिल्ली राम। |
| **जमानतकर्ता : तुलसा देवी पहाडी**<br>(ना.प्र.नं. ८७२९/९५२, जारी मिति २०४५/०१/१६, जि.प्र.का. सिन्धुली)।<br>स्थाई ठेगाना : सिन्धुली जिल्ला फिक्कल गा.पा. वडा नं. २ (साविक पोखरी गा.बि.स. वडा नं. २)।<br>हालको ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं ४।<br>बाबु : चित्राखर अधिकारी।<br>पति : ऋषिराम पहाडी। ससुरा : हरीनारायण पहाडी। | **जमानतकर्ता : ऋषिराम पहाडी**<br>(ना.प्र.नं. ९५९/५०९५, जारी मिति २०४२/११/०१, जि.प्र.का. सिन्धुली)।<br>स्थाई ठेगाना : सिन्धुली जिल्ला फिक्कल गा.पा. वडा नं. २ (साविक पोखरी गा.बि.स. वडा नं. २)।<br>हालको ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं ४।<br>बाबु : हरीनारायण पहाडी।<br>बाजे : डिल्ली राम। |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. ऋषिराम पहाडीको नाममा मालपोत कार्यालय रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १, नक्सा सिट नं. १ स्थित कित्ता नं ३२६४ क्षेत्रफल ०-१-१०-० (बिघा)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ................................१

२. **ऋणी श्री न्यु नमस्ते इलेक्ट्रोनिक्सको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ....................................१.

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय चन्द्रनिगाहपुरबा**ट प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय चन्द्रनिगाहपुरमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति : २०८२/०७/१७)

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४१२
फोन न.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको** माध्यमबाट लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्वद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति** २०८२/०८/०१

**बोलपत्र खोलिने मिति** २०८२/०८/०२ दिउँसो ३ बजे

**तपसिल**

| क.सं. | ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|
| १. | **ऋणी : बिशाखा मल्टिपर्पोज बिजनेश प्रा.लि.(विविध कर्जा) -शाखा कार्यालय न्यूरोड,** दर्ता.नं.: ८९८५२/०६८/०६९, ठेगाना : ललितपुर उ.म.न.पा. १०, ललितपुर<br>**शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. श्रृजना मानन्धर -जमानीकर्ता** (ना.प्र.नं. ५३४१, मिति २०६०/०८/०३ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको), पति : अजय प्रधान, ससुरा : जय नारायण प्रधान<br>**२. भगवती देवी प्रधान -जमानीकर्ता** (ना.प्र.नं. २१२, मिति २०३६/१०/०७ मा जि.प्र.का.दोलखाबाट जारी भएको), पति : जय नारायण प्रधान, ससुरा : जगत नारायण प्रधान<br>**३. विजय प्रधान -जमानीकर्ता** (ना.प्र.नं. ३५९७७, मिति २०६१/०३/३० मा जि.प्र.का.दोलखाबाट जारी भएको), बाबु : जय नारायण प्रधान, बाजे : जगत नारायण प्रधान<br>**४. अजय प्रधान -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ३५६५४, मिति २०६१/०३/०४ मा जि.प्र.का. दोलखाबाट जारी भएको), बाबु : जय नारायण प्रधान, बाजे : जगत नारायण प्रधान<br>**५. रोजिता के.सी. (खत्री) -जमानीकर्ता** (ना.प्र.नं. ४०५८२, मिति २०६२/०३/०९ मा जि.प्र.का. दोलखाबाट जारी भएको), पति : विजय प्रधान, ससुरा : जय नारायण प्रधान | भगवती देवी प्रधानको नाममा भक्तपुर जिल्ला मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सिपाडोल गा.वि.स./न.पा. वडा नं. १(ख) स्थित कि.नं. १९६० (०-३-३-० रोपनी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय न्यूरोड, काठमाडौं/सम्बन्धीत मालपोत नजिकको शाखा |
| २. | **ऋणी : अभिषेक कार्की (विविध कर्जा) -प्रधान कार्यालय दरबारमार्ग,** (ना.प्र.नं. ५०११२, मिति २०५७/०२/२४ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको), ठेगाना : विराटनगर उ.म.न.पा. ०२, मोरङ्ग, बाबु : चित्र बहादुर कार्की, बाजे : अम्बर बहादुर कार्की<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**अर्चना ढुंगाना -जमानीकर्ता** (ना.प्र.नं. ३२९०५, मिति २०५४/०४/२६ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको), बाबु : टंक बहादुर ढुंगाना, पति : अभिषेक कार्की, ससुरा : चित्र बहादुर कार्की | अभिषेक कार्कीको नाममा मोरङ जिल्ला मालपोत कार्यालय विराटनगर, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, विराटनगर न.पा./उ.म.न.पा. वडा नं. २ स्थित कि.नं.७११ (०-०-१६-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>**नोट :**<br>माथि उल्लिखित धितो बाहेक यस बैंकको नाममा दर्ता कायम रहेको Nissan Micra Active, सबारी दर्ता नं. बा १८ च ४५१९ भएको सबारी साधन बैंकको कब्जामा नरहेको हुनाले उक्त सबारी साधनको लिलामी ननिकालिएको।<br>बोलपत्र खोलिने स्थान : विराटनगर, मोरङ/सम्बन्धीत मालपोत नजिकको शाखा |
| ३. | **ऋणी : देवेन्द्र खत्री (विविध कर्जा) -प्रधान कार्यालय दरबारमार्ग,** (ना.प्र.नं. ३६७१/२९८, मिति २०५६/०४/२५ मा जि.प्र.का. संखुवासभाबाट जारी भएको) ठेगाना : सिद्धकाली ०४, संखुवासभा, बाबु : राजन कुमार खत्री, बाजे : नरध्वज खत्री<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**मिनु कडेल -जमानीकर्ता** (ना.प्र.नं. ११६९६/२६, मिति २०६०/०७/१८ मा जि.प्र.का.संखुवासभाबाट जारी भएको), बाबु : शंकरमान कडेल, पति : देवेन्द्र खत्री, ससुरा : राजन कुमार खत्री | देवेन्द्र खत्रीको नाममा मोरङ जिल्ला मालपोत कार्यालय बेलवारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, मृगौलिया गा.वि.स./न.पा. वडा नं. २(क) स्थित कि.नं.२०९३ (०-०-१०-२ विगाहा), कि.नं. २१०७ (०-०-११-२ विगाहा) र कि.नं. २१०८ (०-०-११-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : विराटचोक मोरङ/सम्बन्धीत मालपोत नजिकको शाखा |
| ४. | **ऋणी : निरा प्रधान (विविध कर्जा) -प्रधान कार्यालय दरबारमार्ग,** (ना.प्र.नं. ३०१०४०/१७२५७७, मिति २०६५/०६/१७ मा जि.प्र.का.काभ्रेपलाञ्चोकबाट जारी भएको), ठेगाना : नासिकस्थान ०५, काभ्रेपलाञ्चोक, बाबु: न्हुछे नारायण प्रधान, पति: सेवक बुढाथोकी, ससुरा: बाल कृष्ण बुढाथोकी<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**सेवक बुढाथोकी -जमानीकर्ता** (ना.प्र.नं.३० ०१-०६७-५११६, मिति २०६७/०२/२४ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको), बाबु : बाल कृष्ण बुढाथोकी, बाजे : मुरली बुढाथोकी | निरा प्रधानको नाममा काभ्रेपलान्चोक जिल्ला मालपोत कार्यालय काभ्रेपलान्चोकमा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, बनेपा गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. ३९७५ (३.७८ व.मि.) र कि.नं. ३९७३ (२६४.८१ व.मि.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : बनेपा, काभ्रेपलान्चोक/सम्वन्धीत मालपोत नजिकको शाखा |
| ५. | **ऋणी : जयन्ती स्टोर्स (विविध कर्जा) -शाखा कार्यालय दैलेख,** प्रा.फ.र.न : २४८७/०७४/०७५, ठेगाना : महाबु ०५, दैलेख हाल नारायण ०१, दैलेख<br>**प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. हुकुम बहादुर शाही -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ६३१०३१/३४, मिति २०६४/०६/१७ मा जि.प्र.का. दैलेखबाट जारी भएको), बाबु : नन्द बहादुर शाही, बाजे : भिम बहादुर शाही<br>**२. रेशम कुमारी शाही -जमानीकर्ता** (ना.प्र.नं. ६३१०३१/१८५, मिति २०६७/०९/१३ मा जि.प्र.का. दैलेखबाट जारी भएको), पति : हुकुम बहादुर शाही, ससुरा : नन्द बहादुर शाही | रेशम कुमारी शाहीको नाममा सुर्खेत जिल्ला मालपोत कार्यालय सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स./न.पा. वडा नं. ६(क) स्थित कि.नं. १६३६ (१५२.०० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय सुर्खेत |
| ६. | **ऋणी : ड.यात्रा कोर्टयार्ड प्रा.लि.(विविध कर्जा) -शाखा कार्यालय पोखरा,** दर्ता नं. : ९७७४०/०६९/०७०, ठेगाना : पोखरा उ.म.न.पा. ०६, कास्की<br>**शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. रामचन्द्र बहादुर भट्टराई -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.१२०९८५, मिति २०५८/०९/०४ मा जि.प्र.का.कास्कीबाट जारी भएको), बाबु : रत्न बहादुर भट्टराई, बाजे : भक्त बहादुर भट्टराई<br>**२. बिनिता कार्की (भट्टराई) -जमानीकर्ता** (ना.प्र.नं. १४२० मोरङ, मिति २०४३/०६/२२ मा जि.प्र.का. कास्कीबाट जारी भएको), पति : रामचन्द्र बहादुर भट्टराई, ससुरा : रत्न बहादुर भट्टराई | ड.यात्रा कोर्टयार्ड प्रा.लि.को नाममा कास्की जिल्ला मालपोत कार्यालय रत्नपुरी, कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ स्थित कि.नं. ९८ (४६४.०० ब.मि.) र कि.नं. ९९ (४६४.०० ब.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय पोखरा, कास्की |
| ७. | **ऋणी : आरती चौधरी (आवास कर्जा) -शाखा कार्यालय बालुवाखानी,** (ना.प्र.नं.०५१०५६/४९, मिति २०६७/०१/२७ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको), ठेगाना : का.म.न.पा. १५, काठमाडौं बाबु : केवलराम चौधरी, पति : हरि कुमार भोलन, ससुरा : तुलसी बहादुर भोलन<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**हरि कुमार भोलन -जमानीकर्ता** (ना.प्र.नं. ४९/०१७, मिति २०५३/०८/०५ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको), बाबु : तुलसी बहादुर भोलन, बाजे : कृष्ण बहादुर भोलन | आरती चौधरीको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय मनमैजु, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोलढुङ्गा गा.वि.स./न.पा. वडा नं. १ (ग) स्थित कि.नं. ६१७ (०-२-०-० रोपनी) र कि.नं.६०२ (०-१-२-० रोपनी) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बालुवाखानी, कपन |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अबगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

**नोट :**
क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु १०००/- तिरी लिन सकिनेछ।
ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ।

आर्थिक राष्ट्रिय दैनिक

## सम्पादकीय


# फेरि नबल्झाऊ फोहोर व्यवस्थापन

काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनको अल्पकालीन समाधान आइतबार भएको छ । सहरी विकास मन्त्रालयको समेत जिम्मेवारीमा रहेका ऊर्जा, भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङ आइतबार काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन गरिँदै आएको नुवाकोटको ककनी गाउँपालिकाको ओखरपौवा पुगेर स्थानीयसँग वार्ता गरे । उनले वार्ताको क्रममा यसअघि स्थानीयसँग सहरी विकास मन्त्रालय र काठमाडौं महानगरपालिकाले गरेका सबै सम्झौता/समझदारी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे । मन्त्री घिसिङले आफूले यसअघिका सबै सम्झौता/समझदारी पढेको र ती कार्यान्वयनका लागि १५ दिनको समय माग गरे । उनको १५ दिनको समय मागमा ककनी गाउँपालिका र धादिङको धुनीबेसी नगरपालिकाका स्थानीय जनप्रतिनिधिहरूले पनि सहमति दिए । उक्त सहमतिपछि फोहोर बोकेका गाडीहरू आइतबार नै डम्पिङसाइड भएको ओखरपौवामा पुगेका थिए ।

मन्त्री घिसिङले केही माग १५ दिनभित्रमा पूरा गर्ने र केही माग पूरा गर्नका लागि १५ दिनभित्रमा संरचना तयार पार्ने प्रतिबद्धता व्यक्त गरे । तर, मन्त्री कुलमानले प्रतिबद्धता जनाउँदै गर्दा बिर्सन नहुने कुरा के पनि छ भने २०७९ साल जेठ २६ गते काठमाडौं महानगरपालिकाले गरेको १८ बुँदे सहमति । त्यतिबेला काठमाडौं महानगरका प्रमुख बालेन्द्र साह (बालेन)ले ककनीका स्थानीयसँग 'काठमाडौं महानगरपालिकाबाट बञ्चरे डाँडा कुँडुलेसम्म फोहोर ढुवानी गर्ने कार्य दीर्घकालीनरूपमा रातिको समयमा गर्ने । रातिको लागि आवश्यक पूर्वाधार बत्ती तथा बाटोका निर्माण तथा व्यवस्था महानगरपालिकाले तीन महिनाभित्र गर्ने' सहमति गरेका थिए । उक्त सहमतिपत्रमा बालेन आफैंले १ नम्बरमै हस्ताक्षर गरेका थिए । तर, उक्त हस्ताक्षर भएको साढे तीन वर्ष पूरा हुन लाग्दा पनि त्यही १ नम्बरको बुँदा पनि कार्यान्वयनमा आएको छैन । आइतबार ओखरपौवा पुगेका मन्त्री कुलमानले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक र नुवाकोटको प्राधिकरणका प्रमुखलाई उक्त सडकमा बत्ती राख्न निर्देशन नै दिए । यो निर्देशन दिन अहिलेसम्म कुर्नपर्ने थिएन । बालेनले ओखरपौवाको बासिन्दासँग सहमति गर्दा कुलमान नै प्राधिकरणका कार्यकारी निर्देशक थिए । उनले त्यतिबेला यो काम गर्न रूची नै देखाएनन् । अहिले भने चासो देखाएका छन् । सडकको बत्ति राखेर राति फोहोर लैजाने सहमति कार्यान्वयन गर्न त यति धेरै समय लाग्यो भने स्थानीयका अन्य माग पूरा गर्न कति समय लाग्ला ? अहिले प्रश्न त्यतातिर छ ।

अर्को कुरा, स्थानीयले अब फोहोर र मानिस बस्ती सँगै हुनै नसक्ने अडान लिन थालेका छन् । फोहोरका कारण सो क्षेत्रका बासिन्दालाई गम्भीर किसिमका रोग लाग्न थालेको छ । फोहोर मात्र फ्याँक्ने तर त्यसलाई व्यवस्थापन नगर्ने हो भने सो क्षेत्रमा अहिले बसोबास गरेका मानिसलाई मात्र होइन आमाको गर्भमा रहेका शिशुहरूलाई पेटभित्रै रोग लाग्ने अवस्था छ । त्यसर्थ कि त्यो स्थानमा मानवबस्ती हुनुपर्‍यो कि त फोहोर मात्र राख्नुपर्‍यो । अहिले अल्पकालीन समाधानको बाटो मात्र मन्त्री कुलमानले लिएको देखिन्छ । दीर्घकालीन समाधान भनेको मानव वस्ती वा फोहोर मध्ये एउटा त्यो ठाउँबाट हटाउनैपर्छ । यदि मानव वस्ती र फोहोर जम्मा एकै ठाउँमा गर्ने हो भने त्यहाँ वैज्ञानिक विधि अपनाउनै पर्छ । त्यो विधि अपनाउन लामो समय लाग्छ । १५ दिनमा काम सकिएन भने स्थानीयले फेरि अवरोध गर्ने पक्का छ । जे-जे गर्न पर्ने हो त्यो काम आजैबाट सुरूवात गरेर स्थानीयलाई आश्वस्थ नपार्ने हो भने यो फोहोर व्यवस्थापनको कार्य बल्झिनेछ ।

---



### अर्थ — वित्तीय शब्दकोष

ऋषिलाल श्रेष्ठ

**Demurrage (हर्जाना)**

सहमति भएको अवधि वा प्रचलनमा रहेको अवधिको म्याद नाघी सामान राखे वा उतारेबापत ढुवानीकर्ताले लगाउने शुल्क ।

**Demonetization (अमौद्रिकीकरण)**

कुनै मुद्रालाई मान्यता नदिनु वा चलन चल्तीबाट हटाउनु-जस्तै भारतमा सन् १९७०को दशकको मध्यतिर भारू १०००को नोटलाई चलनचल्तीबाट हटाइएको थियो ।

---

# संस्कारयुक्त प्रशासन : जिम्मेवारी र नैतिक चेतनाको पुनर्स्थापना



तोमनाथ उप्रेती

> सार्वजनिक क्षेत्रका पदाधिकारीले कार्यसम्पादन गर्दा निष्ठा, आचरण, संस्कार, कार्यशैली र व्यवहारमा सकारात्मक सोच देखिनुपर्छ ।

नेपालको प्रशासनिक प्रणाली अहिले एउटा गम्भीर नैतिक संकटको दोबाटोमा उभिएको छ । कुनै समय सेवाभाव, अनुशासन र लोककल्याण प्रशासनिक कार्यशैलीका मेरूदण्ड थिए । तर आज अधिकार नै लक्ष्य बन्न थालेको छ, जिम्मेवारी होइन । पद प्राप्तिको दौडले सेवा-भावनाको स्थान लोभ, प्रतिस्पर्धा र स्वार्थले ओगटिसकेको छ । यस युगमा प्रशासन केवल नीतिगत संरचना होइन, यो एउटा आध्यात्मिक अनुशासन पनि हो—जहाँ कर्म, विचार र चरित्रको सामञ्जस्य नै राष्ट्रको मेरूदण्ड बन्छ ।

संस्कारयुक्त प्रशासनको मूल आत्मा निष्ठा र आचरण हो । कुनै नियमले होइन, आन्तरिक चेतनाले नै वास्तविक सुशासन जन्माउँछ । प्रशासनिक कर्मचारी वा नेतृत्व तबसम्म सफल हुन सक्दैन जबसम्म ऊ आफ्नो कर्तव्यलाई 'दायित्व' होइन, 'धर्म'को रूपमा ग्रहण गर्दैन । संस्कार पारिवारिक परम्परा मात्र होइन, सोच, संवेदना र विवेकको निरन्तर अभ्यास हो । जब प्रशासनिक वृत्तमा नैतिक मूल्य र संस्कार कमजोर हुन्छन्, तब निर्णयमा पारदर्शिता हराउँछ, जनताप्रतिको उत्तरदायित्व मर्छ र शक्ति व्यक्तिगत स्वार्थको औजारमा परिणत हुन्छ।

नैतिकता भनेको सुविचार, असल आचरण, सकारात्मक व्यवहार, स्वच्छता, निष्पक्षता र इमानदारीको प्रतिविम्ब हो । उच्च नैतिक मूल्य, आदर्श र सिद्धान्तविपरीत गरिने व्यवहार भ्रष्टाचारका रूपहरु हुन् । नियम, कानुन र मर्यादाविपरीत गर्ने कार्य, घुस, पक्षपातपूर्ण निर्णय र पतित आचरण नै नैतिक पतन हुन् । कार्यसम्पादनलाई व्यावसायिक र जनमुखी बनाउने मूल्य, सिद्धान्त र मानकहरूको अवलम्बन नै नैतिकता र सदाचारिता हो । सदाचार र नैतिकता हरेक मानिसले पालना गर्नुपर्ने असल व्यवहार वा आचरण हो । प्रत्येक पदाधिकारीबाट सेवाग्राहीले खास व्यवहारको अपेक्षा गर्छन् । त्यो अपेक्षा पूरा गर्न सके मात्र सार्वजनिक प्रशासनमा प्रभावकारिता आई सर्वसाधारण सन्तुष्ट हुन्छन् । राज्यलाई सधैँ इमानदार मानिसहरूको खाँचो पर्दछ । सर्वसाधारणहरूको अनुभूतिमा नैतिक आचरणको स्तर निकै कमजोर रहेको अवस्था छ । नागरिकहरु स्तरीय सेवा र सेवामैत्री व्यवहारको अपेक्षामा छन् । तर त्यसको सामर्थ्य र तत्परता सार्वजनिक क्षेत्रमा देखिएको छैन। संस्थाहरूको कर्मचारीतन्त्रीकरण र सेवा वितरणमा राजनीतीकरणले प्रशासनयन्त्र पक्षपाती देखिएको छ ।

सदाचार र सुशासन एक-अर्काका परिपूरक हुन् । सदाचार भएका नागरिकविना सुशासन कायम गर्न अप्ठ्यारो हुन्छ भने सुशासन कायम गर्न सकिएन भने सदाचारिता हराउँदै जान्छ र दूराचारीले समाजमा राज गर्छन् जसको कारण राष्ट्रको गरिमा, समृद्धि बढ्नु त परै जाओस् सामान्य मानवीय सम्बन्धमा समेत गिरावट आउँछ । कारण राष्ट्र निर्माणमा सदाचार र सुशासनको ठूलो महत्व छ । मानव समाज नीति, कर्म र आचरणबाट चल्ने हो । सदाचार व्यक्तिको विवेक वा अन्तरात्मामा छिपेर रहने त्यस्तो शक्ति हो, जसले व्यक्तिलाई गलत काम नगर्न सचेत गराउँछ । सदाचारी मानिस अन्तरात्माको यही आवाजका कारण स्वार्थ, लोभ, लालसा, आग्रहजस्ता कमजोरीसँग सम्झौता गर्दैनन् ।

सदाचारका मान्यताका रूपमा वैधानिकता, सेवाभाव, निष्पक्षता, स्वच्छता, स्वार्थहीनता, इमानदारिता र सदाचारिताजस्ता विषयहरु पर्दछन् । जसले सार्वजनिक पदाधिकारी तथा संस्थालाई आदर्श अवस्थामा पुर्‍याउन मद्दत गर्छन् । त्यसैले संस्थाका मूल्य घोषणा गर्ने र ती मूल्यअनुरूपका पदाधिकारीका आचरण व्यवस्थित गर्न नीति, नियम र आचारसंहिता लागू गर्ने, जिम्मेवारी वहन गर्दा निष्ठाको शपथ लिनेजस्ता कार्यहरु गरिन्छन् । तर, सार्वजनिक क्षेत्रमा नीति, निष्ठा एवं समर्पणका पक्षहरु कमजोर हुँदै गएका छन् । व्यक्तिगत, सांगठनिक, सामाजिक र व्यावसायिक तहमा आवश्यक आचरणहरु स्खलित भएका छन् । यसैले अहिलेको सबैभन्दा चाहिएको विषय नै सदाचार हो, जसले सुशासनलाई दिगो बनाउन सक्छ ।

प्रशासन सरधारका लागि निष्ठा, आचरण, संस्कार, कार्यशैली र व्यवहारमा रूपान्तरणको खाँचो छ । सार्वजनिक क्षेत्रका पदाधिकारीले कार्यसम्पादन गर्दा निष्ठा, आचरण, संस्कार, कार्यशैली र व्यवहारमा सकारात्मक सोच देखिनुपर्छ । सदाचार नैतिक सिद्धान्तहरूको समष्टि हो, जसले व्यक्तिको व्यवहार, क्रियाकलाप वा चालचलनको सञ्चालन तथा निर्देशन गर्दछ । प्रशासकीय कार्यलाई प्रभावकारी तथा दक्षतापूर्वक सम्पन्न गर्न दिशानिर्देश गर्ने मूल्य, मान्यता, नियम, कानुनको समष्टि प्रशासकीय आचरण हो । सदाचार र नैतिकता हरेक मानिसले पालना गर्नुपर्ने असल व्यवहार वा आचरण हो ।

सदाचार सत्चरित्र हो, सत्चरित्रभन्दा दुष्चरित्रको फैलावट र क्षणिक शक्ति बढी देखिन्छ । सदाचारको संस्कृति नबसेको समाजमा पद, पैसा, प्रतिष्ठा र प्रेमको लोभमा व्यक्ति दुराचारी बन्ने गर्छ र सदाचार छायामा पर्छ । अनुशासन र इमानदारीको सीमा लालसा, लोभ र आग्रहले भत्काउँछ, यसको विपरीत इमानदारी, अनुशासनलाई सदाचारले ऊर्जा दिन्छ। असल बुझाइ, असल विचार र असल कार्यले नै असल चाहना प्राप्ति हुन्छ । राजनीतिकरूपमा तटस्थ, आर्थिकरूपमा सदाचारी, सामाजिक रूपमा नैतिक, पेसागतरूपमा व्यावसायिक कर्मचारी नै राज्य प्रभावकारिता विस्तार गर्ने आधार हुन् । समकालीन समाजमा यिनै कुराको औधी माग भइरहेको छ, जसलाई सिद्ध गर्न राज्य संयन्त्रमाथि व्यापक दबाब परिरहेको अवस्था विद्यमान छ ।

सार्वजनिक प्रशासनमा पदाधिकारीहरूले उच्च नैतिक आचरण प्रदर्शन गर्नुपर्ने आवश्यकता सधैँ देखिन्छ । यस परिस्थितिमा, प्रशासनिक प्रणालीमा नैतिकताको संस्थागत अभ्यास अपरिहार्य हुन्छ । नीति, नियम र व्यवहारप्रति सतर्क रहँदै उदाहरणीय चरित्र प्रदर्शन गर्नु नै नैतिकताको वास्तविक स्वरूप हो । नीति र मार्गको पालना गर्दै जनकल्याणमुखी कार्य गर्नु नै नैतिकता हो । बौद्ध दर्शनले पनि सम्पत्ति र शक्ति मात्रले जीवन सफल नहुने बताएर नैतिकतालाई शान्ति र सन्तोष प्राप्तिको मूल आधारको रूपमा देखाएको छ । नैतिकता वा आचरण ठीक र बेठिक, असल र खराब चालचलनको मार्गदर्शक सिद्धान्त हो। सदाचार र आचरण प्रायः समानार्थी शब्द हुन्, जसले व्यक्तिको मूल्य र मान्यतामा आधारित व्यवहारलाई निर्देशित गर्दछ।

सार्वजनिक जीवनमा दक्षता, इमानदारी र नैतिकता आवश्यक छन् । जिम्मेवार व्यक्तिहरूका व्यवहारले नैतिकता र औचित्यको पुष्टि गर्नुपर्छ । लोकतन्त्र, शान्ति र सुशासनको आधार नै सदाचार हो, जसले प्रभावकारी शासन व्यवस्थाको निर्माणमा योगदान पुर्‍याउँछ। सदाचार भनेको नीति, नियम र व्यवहारमा उच्च सतर्कता र इमानदारीको पालना गर्नु हो, जसले सुशासन कायम गर्न महत्वपूर्ण भूमिका खेल्दछ।

आचरण व्यक्तिको दैनिक जीवनमा अपनाइने मूल्य, मान्यता र नैतिकताको समष्टि हो, जसले ठीक र बेठीकको निर्णय गर्न मद्दत गर्दछ । प्रशासकीय आचरण भनेको प्रशासनिक कार्य प्रभावकारी र दक्षतापूर्वक सम्पन्न गर्न आवश्यक मूल्य, नियम र कानुनको समष्टि हो । नैतिक आचरणले व्यक्तिको मूल्यांकनमा उच्च स्थान दिलाउँछ र यसमा पवित्रता, धैर्य र सहनशीलता आवश्यक हुन्छ।

सार्वजनिक प्रशासनमा नैतिक आचरण र सदाचार प्रोत्साहन गर्न विविध संयन्त्रहरु अपनाउन सकिन्छ, जस्तैः कार्यसम्पादन सूचक, सेवा बडापत्र र नागरिक सहभागीकरण । प्रविधिको प्रयोग र नागरिक चेतनाले प्रशासनलाई अधिक नैतिक र व्यावसायिक बनाउन मद्दत पुर्‍याउँछ । यसले सार्वजनिक सेवामा आत्मनियन्त्रण, निष्पक्षता र पारदर्शिता ल्याउँछ, जसले भ्रष्टाचार र लापरबाही रोक्छ र सेवा वितरण छिटो र प्रभावकारी बनाउँछ । अन्ततः सार्वजनिक प्रशासनमा आवश्यक विषय नै सदाचार र सुशासन हो। यी एक-अर्कामा आवद्ध छन् । सार्वजनिक संस्थाहरु समाज व्यवस्थित गर्न र संस्कार स्थापित गर्न निर्माण गरिएका हुन् । नेतृत्व भनेको विधि र निष्ठाको प्रतीक हो । नीतिप्रतिको निष्ठाले नेतृत्व बलियो बनाउँछ, र नेतृत्वको उदाहरणीयताले संस्थालाई बलियो बनाउँछ। बलिया संस्थाले नै सुशासनको आधार तयार गर्छ। त्यसैले, पदाधिकारी र संस्थाहरूको व्यवहारमा नैतिकता, सदाचार र व्यावसायिकता स्पष्ट देखिनु आवश्यक छ ।

नेपालको निजामती सेवामा नैतिक आचरण र सदाचार कमजोर रहेको पाइन्छ । यसको कारण राजनीतिक र प्रशासनिक नेतृत्वको कमजोरिता, दण्ड र पुरस्कारको प्रभावकारी व्यवस्था नहुनु, आचार संहिता कार्यान्वयनको अनुगमन नहुनु र दण्डहीनता बढ्नु हो । यसले सरकारी सेवा र विकास कार्यमा असर पुर्‍याउँछ र सुशासन कायम गर्न चुनौती पुर्‍याउँछ।

सार्वजनिक प्रशासनमा हाम्रा संस्कार, कार्यशैली, आचरण र व्यवहारमा सुधारको कमीले आजको समाजमा गम्भीर समस्याहरु उत्पन्न गरेका छन्। यसको प्रत्यक्ष प्रभाव भनेको आम जनताको प्रशासन संयन्त्रप्रति बढ्दो वितृष्णा र निराशा हो । जब प्रशासनिक प्रणाली प्रभावकारी, पारदर्शी र नैतिक दृष्टिले कमजोर हुन्छ, तब नागरिकको विश्वास कमजोर पर्छ र शासन व्यवस्थामा असन्तोष फैलिन थाल्छ । यसले न केवल सार्वजनिक प्रशासनको छवि बिगार्छ, अपितु राष्ट्रको समग्र विकास र सुशासनमा पनि विघ्न पुर्‍याउँछ । प्रशासनिक प्रणालीको सुधारको लागि संस्थागत सुधार र सशक्त नेतृत्वको आवश्यकता छ। सबै स्तरका अधिकारीहरूलाई नैतिक मूल्यमान्यता र उच्च आचरणका साथ काम गर्न प्रेरित गर्नुपर्नेछ। यस्तो वातावरणमा भ्रष्ट्राचार र अन्य अनियमितताहरु स्वतः कम हुनेछ । यस्ता सुधारले मात्र प्रशासनमा विश्वास पैदा गर्न सक्छ र सुशासनको दिशा तय गर्न सकिन्छ । यस प्रकार, प्रशासन सुधारका लागि समर्पण, समन्वय र सामूहिक प्रयासले राष्ट्रको समृद्धि र विकासमा टेवा पुर्‍याउन सक्छ।

प्रशासन सुधार र सार्वजनिक प्रशासनमा सकारात्मक रूपान्तरण ल्याउनका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको प्रशासनिक प्रणालीमा निष्ठा, आचरण, संस्कार, कार्यशैली र व्यवहारमा सुधार गर्नु हो । प्रशासनलाई स्वच्छ, पारदर्शी, नागरिकमैत्री, भ्रष्ट्राचारमुक्त र नैतिक बनाउनु आजको आवश्यकता हो। यस्ता गुणहरूलाई आफ्नो प्रशासनिक कर्तव्यको अंश बनाउने कार्य प्राथमिकता हुनुपर्छ । यसका लागि, शासकीय व्यवस्थापनका सबै तहका पात्रहरु बीच सहकार्य, संवाद र समन्वयको संस्कृति बनाउनु पर्छ, जसले नैतिक आधारलाई मजबुत पार्न मद्दत पुर्‍याउँछ।

नेपालमा देखिएको प्रशासनिक अवमूल्यनको मूल कारण यही नैतिक क्षय हो । नियुक्ति, सरूवा, ठेक्का र बजेटमा असमानता देखिनु केवल व्यवस्थापकीय समस्या होइन, यो आन्तरिक चेतनाको पतन हो। जब कर्मचारीको सोचमा 'सेवा' भन्दा 'सुविधा' प्रधान हुन्छ, त्यहाँ नागरिक र राष्ट्रको सम्बन्ध भङ्ग हुन्छ। समाजमा नीति र नियम त धेरै लेखिन्छन्, तर जब संस्कार र निष्ठा हराउँछन्, त्यस्ता नियमहरु केवल कागजमा सीमित रहन्छन्।


संस्कारयुक्त प्रशासनको पुनर्स्थापना कुनै तात्कालिक सुधार अभियान होइन; यो आत्म-क्रान्ति हो। कर्मयोगको सिद्धान्तले सिकाउँछ—कर्तव्य निष्काम हुनुपर्छ, परिणाम होइन, प्रक्रिया नै पवित्र हुनुपर्छ। जब प्रत्येक कर्मचारीले आफ्नो कुर्सीलाई सेवा-स्थान होइन, साधनाको मन्दिर मानेर काम गर्छ, तब मात्र प्रशासनिक प्रणालीमा आत्मा फर्किन्छ । नैतिक चेतना त्यही शक्ति हो जसले निर्णयलाई पारदर्शी बनाउँछ, अधिकारलाई मर्यादित गर्छ र उत्तरदायित्वलाई पवित्र बनाउँछ।

संस्कारयुक्त प्रशासनले 'कर्तव्य' र 'करूणा'लाई एकै सूत्रमा बाँध्छ । यहाँ दया कमजोरी होइन, विवेकको सौन्दर्य हो; र अनुशासन दमन होइन, आत्म-नियन्त्रणको प्रतीक हो । यस्ता संस्कारहरुविना राज्य केवल औपचारिक ढाँचा रहन्छ, जसमा जनता केवल कागजी अस्तित्व हुन् ।

(उप्रेती नेपाल सरकारका उपसचिव हुन्।)

---

# साधारणसभाहरूमा नक्कली सेयरधनी र पत्रकारको चर्चा



नरेन्द्रमान श्रेष्ठ

पछिल्लो समयमा कम्पनीहरूको वार्षिक साधारणसभाहरूमा केही नक्कली सेयरधनी र केही नक्कली अनलाइन पत्रकारहरूको चर्चा हुनेगरेका छन् । त्यसो त पब्लिक लिमिटेड कम्पनीहरूले गर्ने वार्षिक तथा विशेष साधारणसभाहरूमा विभिन्न चर्चाहरु हुनेगरेका छन् । पब्लिक लिमिटेड कम्पनीहरूले एक आर्थिक वर्ष समाप्तिपछि वार्षिक साधारणसभा गर्नुपर्ने हुन्छ । आर्थिक वर्ष सकिएको ६ महिनाभित्र सभा गर्न नसकेमा जरिमाना समेत तिर्नुपर्ने हुन्छ । त्यसो त नियमितरूपमा हुनेगरेका वार्षिक साधारणसभाहरु र विशेष साधारणसभा पनि हुनेगरेका छन् । खासगरी तत्काल अपरझट केही निर्णयहरु गर्न पर्‍यो भने विशेष साधारणसभा बोलाउने गरेका छन् कम्पनीहरूले । त्यसो त वार्षिक साधारणसभा होस् वा विशेष साधारणसभा होस् सेयरधनीहरूको बाक्लो उपस्थिति हुनेगरेका छन् । भने केही पत्रकारहरूको पनि देखिने गरेका छन् कतिपय सेयरधनीहरूको भनाइमा यस्तो सभाहरूमा नक्कली अनलाइनका केही पत्रकारहरु पनि देखिने गरेका बताउँछन् भने यस्ता केही पत्रकारहरूले कम्पनीसँग रकम माग्ने गरेका पनि चर्चाहरु भल्ने गरेका छन् सभाहरूमा । त्यसो त वार्षिक साधारणसभाहरूलाई सेयरधनीहरूले उत्सवको रूपमा पनि लिने गरेका छन् भन्दा पनि फरक नपर्ला । त्यस दिन सेयरधनीहरूको जमघट हुने उत्सवको लिनको रूपमा पनि लिने गरेका छन् सेयरधनीहरूले । त्यसो त वार्षिक साधारणसभाको महत्व हुन्छ । कम्पनीले समीक्षा अवधिमा भए गरेका कामहरु गतिविधिहरूको र कम्पनीहरूको प्रस्ताव एजेन्डाहरूको छलफल गरी सभामा उपस्थित सेयरधनीहरूको बहुमतले पारित गर्न पर्दछ । त्यसपछि मात्र लागू हुने गर्दछन् र साधारणसभाहरु सेयरधनीहरूको लागि पनि महत्वको हुने गरेका छन् । कम्पनीले दिने लाभांश पनि साधारणसधाबाट बहुमतले पारित भएपछि मात्र सेयरधनीहरूले पाउने गर्छ । त्यसो त वार्षिक साधारणसभाहरूमा उपस्थित हुने सेयरधनीहरूको बारेमा विभिन्न चर्चाहरु पनि चल्ने गरेका छन् । साधारणसभामा कम्पनीको तर्फबाट प्रस्तुत गरिने प्रतिवेदन प्रस्ताव एजेन्डाहरूमाथि सेयरधनीहरूले पनि आ-आफ्नो विचारहरु राख्ने गर्नेगरेका छन् । यिनीहरूलाई कतिपय सर्वसाधारण सेयरधनीहरूले केही कम्पनीहरूले समेत भीआईपी सेयरधनीहरु भनेर भन्ने गरेका छन् । पछिल्लो समयमा भीआईपी भनिने सेयरधनीहरूको संख्या बढ्दै छ भन्दा पनि फरक नपर्ला । गएको जेठ महिनामा भए गरेको एउटा रि-इन्स्योरेन्सको साधारणसभामा २७ जना सेयरधनीहरूले बोलेको भन्ने चर्चा छ, सायद साधारणसभाको इतिहासमा यति धेरै वक्ताहरूले बोलेको यही पहिलो हो कि भन्ने पनि चर्चा छ । आखिर २/३ घण्टा लाइनमा पालो कुरेर किन बोल्ने गर्छन् त यिनीहरूले ? बोलेका कुराको सुनुवाइ पनि हुँदैन । यसमा कतिपयले प्रश्न पनि उठाउने गरेका छन् । त्यसो त कतिपय सेयरधनीहरु र जानकारहरूको भनाइमा साधारणसभामा बोल्ने सेयरधनीहरूलाई कम्पनीले रकम दिने गरेको पनि चर्चाहरु नचलेको भने होइन । यस कारणले पनि सभामा बोल्नेहरूको ताँती लाग्ने गरेको जानकारहरु बताउँछन् । यसबारेमा सबैजसो साधारणसभाहरूमा सेयरधनीहरूबीच चर्चा हुनेगरेका छन् ।

त्यसो त कतिपय सेयरधनीहरूको भनाइमा पछिल्लो समयमा वार्षिक साधारणसभाहरूमा नक्कली सेयरधनीहरु पनि बढेको जस्तो देखिएको बताउँछन् । साधारणसभामा अरूको नाम र डिम्याट आईडी लिएर साधारणसभामा भाग लिने नक्कली सेयरधनीहरूलाई शरणार्थी सेयरधनीहरूको संज्ञा दिएका छन् केही सेयरधनीहरूले । यसबारेमा साधारणसधामा नाम रजिस्टर्ड गर्ने कम्पनीका कर्मचारीहरूले पनि यस्ता सेयरधनीहरु आउने गरेको बताउँछन् । कतिपयले सेयरधनीहरूले त २/३ पल्ट पनि हाजिर गर्न आउने बताउँछन् भने केहीसँग त विवाद समेत हुने गरेको बताउँछन् सरोकारवालाहरु । त्यसो त वार्षिक साधारणसभाहरूमा भाग लिन आउने सेयरधनीहरूले आफ्नो परिचय खुल्ने परिचयपत्र लिएर आउनुपर्ने नियम छ तर यसलाई अनिवार्य भने गरेका छैनन् । पछिलो समयमा साधारणसभामा भाग लिन आउने सर्वसाधारण सेयरधनीहरूलाई परिचयपत्र अनिवार्य गर्नुपर्ने देखिएका छन् भनेर पनि केही सेयरधनीहरूले बताउने गरेका छन् । त्यसो त केही सेयरधनीहरूको भनाइमा अरूको नाम र डिम्याट नम्बर प्रयोग गरेर साधारणसभामा भाग लिने गरेकोले कतिपय अवस्थामा हुलमुल हुने सभामा अस्तव्यस्त हुनेगरेका बताउँछन् जानकारहरु । अधिकांश सेयरधनीहरूको भनाइमा साधारणसभामा बोल्ने सेयरधनीहरूलाई कम्पनीले दिने गरेको भनिने रकम बन्द गर्नुपर्ने र साधारणसभामा भाग लिन आउने सेयरधनीहरूलाई अनिवार्य परिचयपत्र लागू गर्नुपर्ने बताउँछन् कतिपय सेयरधनीहरु ।

पछिल्लो समयमा सेयरबजारप्रति धेरैको आकर्षण बढिरहेका देखिन्छ । फुटपाथे व्यापारीदेखि विद्यार्थी, शिक्षक, व्यापारी गृहणीदेखि कम्पनीहरूको समेत आकर्षण बढेको देखिन्छ । पछिल्लो समयमा डिम्याट खातामा आबद्ध हुनेहरूको सख्या ६८ लाखभन्दा बढी भइसकेको सम्बन्धित सरोकारवालाहरु बताउँछन् । त्यसो त सेयरधनीहरूको वार्षिक साधारणसभाहरूमा आकर्षण बढ्ने पनि स्वाभाविक नै मान्न पर्ने हुन्छ । पछिल्लो समयमा वार्षिक र विशेष साधारणसभाहरूमा उपस्थित हुनेहरूको संख्या विगतमा भन्दा धेरै बढेको जानकारहरु बताउँछन् ।

# दिल्लीको वायु प्रदूषण नियन्त्रणमा भारतको 'महँगो प्रयोग' असफल

भारत, कात्तिक १६ । भारतले आफ्नो फराकिलो राजधानी नयाँ दिल्लीमा क्लाउड सिडिङ अर्थात् कृत्रिम वर्षा प्रयोगमार्फत वायु प्रदूषण नियन्त्रण गर्न गरेको प्रयास असफल भएको देखिएको छ । वैज्ञानिक र वातावरणीय अभियानकर्मीहरूले यस कदमको प्रभावकारिता र औचित्यमाथि प्रश्न उठाएका छन् ।

क्लाउड सिडिङमा विमानबाट बादलमा सिल्भर आयोडाइड र नुनजस्ता कणहरु छर्काइन्छ, जसले वर्षा निम्त्याएर वायुमण्डलका प्रदूषकहरूलाई पखाल्ने अपेक्षा गरिन्छ । दिल्ली सरकारले इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी (आईआईटी) कानपुरसँगको सहकार्यमा गत हप्ता सहरका केही क्षेत्रमा सेस्ना विमान प्रयोग गरी परीक्षण सुरू गरेको थियो । तर पातलो बादलका कारण पहिलो परीक्षणबाट अपेक्षित परिणाम नआएपछि अत्यन्त न्यून मात्र वर्षा भएको जनाइएको छ ।

वातावरणीय अभियानकर्मी भावरीन कान्धारीका अनुसार यस्तो प्रविधि 'भ्रमपूर्ण' हो । उनले भने, 'यसले कहिल्यै काम गर्दैन । जबसम्म हामी वायु प्रदूषणका वास्तविक स्रोतहरु हटाउँदैनौँ, तबसम्म समस्या समाधान हुँदैन ।'

स्थानीय सञ्चारमाध्यमका अनुसार यस परीक्षणमा सरकारले करिब तीन लाख ६४ हजार अमेरिकी डलर खर्च गरेको छ । हरेक जाडोमा बाक्लो धुवाँले दिल्ली र यसका करिब तीन करोड बासिन्दालाई घेरिरहेको हुन्छ । चिसो मौसममा खेतमा आगो लगाउने, कारखानाबाट निस्किने धुवाँ र सवारीसाधनका उत्सर्जनले वायुमण्डललाई विषाक्त बनाउँछ ।

सवारीसाधनमा प्रतिबन्ध, धुवाँ सोस्ने टावर र कुहिरो छर्किने ट्रकजस्ता प्रयासहरूका बावजुद पनि दिल्लीको हावाको गुणस्तर विश्वका राजधानीहरूमध्ये सबैभन्दा खराब अवस्थामा रहेको छ । पछिल्लो परीक्षणको भोलिपल्ट मात्रै क्यान्सर उत्पन्न गर्ने सूक्ष्म कण एः २.५ को स्तर ३२३ पुगेको थियो । यो विश्व स्वास्थ्य सङ्गठनले तोकेको दैनिक सीमाभन्दा करिब २० गुणा बढी हो । विशेषज्ञहरूले यस अवस्थालाई आगामी दिनमा अझ बिग्रिने अनुमान गरेका छन् ।

सन् २००९ देखि २०१९ सम्म भारतमा वायु प्रदूषणका कारण ३८ लाख मानिसको मृत्यु भएको अध्ययन द ल्यान्सेट प्लानेटरी हेल्थ पत्रिकामा प्रकाशित छ । यसबीच, क्लाउड सिडिङमा प्रयोग गरिएका रसायनहरूको दीर्घकालीन प्रभावबारे पनि चिन्ता व्यक्त गरिएको छ । अमेरिकी वातावरणीय संरक्षण एजेन्सीका अनुसार सीमित अध्ययनले सिल्भर आयोडाइडले गम्भीर स्वास्थ्य जोखिम उत्पन्न नगरेको देखाए पनि यसको व्यापक प्रयोगका दीर्घकालीन असरहरु अझै अज्ञात छन् ।

वातावरणीय विज्ञहरूका अनुसार क्लाउड सिडिङले वर्षा गराउन सफल भए पनि यसको प्रभाव अत्यन्तै अल्पकालीन हुन्छ । कर्नेल विश्वविद्यालयका जलवायु वैज्ञानिक डेनियल भिजनीले भने, 'यदि हावामा पर्याप्त आद्रता छैन भने यो प्रविधिले वर्षा उत्पन्न गर्न सक्दैन । यसले वर्षालाई एक ठाउँमा केन्द्रित गर्न सक्छ, तर प्रदूषण हटाउने स्थायी उपाय होइन ।' उनका अनुसांर प्रदूषण घटाउने एकमात्र विवेकपूर्ण उपाय भनेको जीवाश्म इन्धनको दहन कम गर्नु हो ।

दिल्लीका सत्तारूढ दल भारतीय जनता पार्टी (भाजपा) का वीरेन्द्र सचदेवले भने यस प्रयासलाई असफल भनेर खारेज गर्न हतार नगर्न आग्रह गरे । उनका अनुसार यो अनुसन्धान प्रक्रियाको हिस्सा हो । सफलता सधैँ पहिलो प्रयासमै पाइँदैन । तर आइआइटी दिल्लीका वायुमण्डलीय वैज्ञानिक शाहजाद गनी र कृष्ण अच्युतरावले भने क्लाउड सिडिङ योजनालाई 'विज्ञानको गलत प्रयोग र नैतिकताको बेवास्ता गरिएको उदाहरण' भनेका छन् । दिल्लीस्थित सेन्टर फर साइन्स एन्ड इन्भाइरनमेन्टका विज्ञ मोहन जर्जले पनि कृत्रिम वर्षा कुनै दीर्घकालीन समाधान नभएको बताए । उनले भने, 'वर्षा रोकिएपछि प्रदूषण फेरि उस्तै स्तरमा पुग्छ ।'

सन् १९४० को दशकमा पहिलोपटक विकसित गरिएको क्लाउड सिडिङ प्रविधि विश्वका विभिन्न देशहरूमा वर्षा गराउन, कुहिरो हटाउन र खडेरी घटाउन प्रयोग गरिँदै आएको छ, तर परिणाम प्रायः मिश्रित नै देखिएका छन् । रासस/एएफपी

---

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
**धुन्चे, रसुवा**

## गल्छी- त्रिशुली- मैलुङ- स्याफ्रुवेसी- रसुवागढी सडक योजनाको लागि घर/टहराहरूको क्षतिपूर्ति सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८२/०७/१७

गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुवेशी-रसुवागढी सडक योजनाको सडक सीमाभित्र रहेका रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं ५ मा पर्ने तपसिलका घर/टहराहरूको क्षतिपुर्ति प्रयोजनार्थ जग्गा प्राप्ति ऐनको दफा ९ बमोजिम सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित विवरण बमोजिम आ-आफ्नो घर/टहराहरू भत्काई तोकिएको क्षतिपुर्ति रकम बुझ्न आउनुहुन सुचित गरिन्छ । क्षतिपूर्ति रकम बुझ्न आउँदा नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, घर/ टहरा रहेको साविकको जग्गा धनी प्रमाणपूर्जाको प्रतिलिपि र तिरो/सम्पत्ति कर तिरेको रसिद सहित सम्बन्धित वडा कार्यालय र योजना कार्यालयको इन्जिनियरबाट घर भत्काई सकेको सिफारिस समेत संलग्न राखी योजना कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ । यो सूचनामा उल्लेखित नाम, ठेगाना वा साविकको घर/टहराहरू रहेको कित्ता नं. फरक परेमा सम्बन्धित घर/टहरा धनीहरूबाट प्रमाण पुर्याई योजना कार्यालयमा निवेदन दिन सकिने छ । तोकिएको समय भित्र संरचनाहरू हटाई नलगेमा योजना कार्यालयबाट संरचनाहरू हटाइने र सो बापत लाग्ने रकम क्षतिपुर्ति रकमबाट कट्टा गरिने व्यहोरा समेत जानकारी गराइन्छ। यस विषयमा कुनै कुरा बुझ्नु परेमा गल्छी -त्रिशुली -मैलुङ- स्याफ्रुवेसी- रसुवागढी सडक योजना, विदुर, नुवाकोटमा (सम्पर्क फोन नं. ०१०-५६१८९१) सम्पर्क राख्न सकिनेछ ।

| सि.नं. | घरधनीको नाम थर | ठेगाना | साविक कित्ता नं. | घर/ टहराको क्षेत्रफल (वर्ग फिट) | मुल्याङ्कित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सुरेश बाबु डंगोल/ आशिक डंगोल | उत्तरगया-५,रसुवा | ७७२ | १३०४.३५ | ८७६७४१ | |
| २ | चन्द्र बहादुर डंगोल | उत्तरगया-५,रसुवा | | ९६४.३८ | ६७३४७५ | |
| ३ | रेनुका देवी थापा | उत्तरगया-५,रसुवा | ५७०/५७३/७२८ | ३४४१.०० | ६३७८२०३ | |
| ४ | शान्ता कुमारी थापामगर | उत्तरगया-५,रसुवा | ५१० | १७२४.०३ | १८०२६७१ | |
| ५ | फुलमाया ग्याम्दान | उत्तरगया-५,रसुवा | ५१२ | १०३२.८६ | १३३६२२४ | |
| ६ | इकुमाया डंगोल | उत्तरगया-५,रसुवा | ५७५/५७६ | ७१७.८० | १४७२१०२ | |
| ७ | अष्ठमान डंगोल | उत्तरगया-५,रसुवा | ५३० | ८३८.५९ | ९२१९५२ | |
| ८ | मोहनमाया डंगोल | उत्तरगया-५,रसुवा | ६८१ | २५७१.२३ | ३०६५४६० | |
| ९ | अर्जुन श्रेष्ठ | उत्तरगया-५,रसुवा | १९२२ | १७७९.६५ | २८६१४१४ | |
| १० | नवराज थापामगर | उत्तरगया-५,रसुवा | १४६/१४७ | १८०६.२३ | ३६३३४६८ | |
| ११ | शान्ता कुमारी अधिकारी | उत्तरगया-५,रसुवा | १४५ | १५७९.६६ | ११४६२४३ | |
| १२ | पुरूषोत्तम पौडेल | उत्तरगया-५,रसुवा | १२९९ | ३२१.४६ | २२२२३० | |
| १३ | गणेश श्रेष्ठ | उत्तरगया-५,रसुवा | १२९३ | १३५६.५३ | ३०४६०८३ | |
| १४ | दक्षकुमारी प्याकुरेल | उत्तरगया-५,रसुवा | ५२९/५०६ | ५४२९.०४ | १०९८७४०० | |
| १५ | शिवराम सिलवाल | उत्तरगया-५,रसुवा | ६८० | ४७६६.२९ | ११५६६८७३ | |
| १६ | बल बहादुर डंगोल | उत्तरगया-५,रसुवा | ७९४ | ८४५.१८ | १०००३८९ | |
| १७ | रेशम कुमारी बानिया | उत्तरगया-५,रसुवा | ५१३ | १४५१.५५ | १४१७५७७ | |
| १८ | बिमला गुभाजु | उत्तरगया-५,रसुवा | | १६३१.६६ | ३५०७८७८ | |
| १९ | हिमाकुमारी अधिकारी | उत्तरगया-५,रसुवा | ६९७ | ३१००.७९ | ६७३६९९९ | |
| २० | मुक्तिनाथ भट्टराई | उत्तरगया-५,रसुवा | ५८०/५८१/५८२/५८३/७२७ | ३३५०.०३ | ७२१२३०९ | |
| २१ | झंककुमारी अधिकारी | उत्तरगया-५,रसुवा | ५७८ | ३५२३.०५ | ७२०६८४८ | |
| २२ | केदारप्रसाद अधिकारी | उत्तरगया-५,रसुवा | ६१० | ३९४७.५७ | ८३३४६७२ | |
| २३ | शारदादेवी श्रेष्ठ | उत्तरगया-५,रसुवा | ६३२ | २५२५.७६ | ४८६०६३५ | |

---

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय :**
**बालुवाटार, काठमाण्डौ**
**फोनः ०१-४५२१८६१/६२/६३**

## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**सूचना प्रकाशित मिति : २०८२/०७/१७ गतेको आर्थिक राष्ट्रिय दैनिक**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीहरुले यस डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालय/कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौतारकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**तपसिल**

### ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण

**१) ऋणीः के एच हार्डवेयर्स**
दर्ता गर्ने कार्यालय : वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलाली
प्रा.फ.र.नं.: ३१४४२/०७८/७९, दर्ता मितिः २०७८/०४/२२
पान नं. ६१६२७४२२०
ठेगाना : धनगढी उ.म.न.पा.-०३, कैलाली

**प्रोप्राइटर/जमानीकर्ताको नाम :**
**ललिता कुमारी कुँवर**
बाबुको नाम : तेज बहादुर कुँवर
पतिको नाम : गणेश बहादुर रावत
ससुराको नाम : हर्क बहादुर रावत
ठेगाना : घोडाघोडी-०५,कैलाली
हाल : धनगढी-०३, कैलाली
ना.प्र.नं.: ६७-०१-७२-०३८८७, जारी मितिः २०७२/०४/१०
जारी गर्ने कार्यालय : जि.प्र.का., कैलाली
**कर्जा लिएको शाखा कर्यालय : धनगढी, कैलाली**

**जमानीकर्ताको विवरण**

**क) नामः गणेश वहादुर रावत**
बाबुको नाम : हर्क बहादुर रावत
बाजेको नामः फकिरे रावत
ठेगाना : गडराय-०७, बझाङ्ग
हाल : धनगढी-०३, कैलाली
ना.प्र.नं. : ७११०२८/२८४, जारी मिति : २०६९/०४/०७
जारी गर्ने कार्यालय : जि.प्र.का., बझाङ्ग

### जमानीकर्ताको विवरण

**ख) नामः केषुदेवी रावत**
बाबुको नाम : महासिंगे रावत
पतिको नाम : हर्क बहादुर रावत
ससुराको नाम : फकिरे रावत
ठेगाना : गडराय-०७, बझाङ
हाल : धनगढी-०३, कैलाली
ना.प्र.नं. : ७१३०२८/९, जारी मितिः २०६३/११/२३
जारी गर्ने कार्यालय :जि.प्र.का., बझाङ्ग

**ग) नामः श्री हर्क बहादुर रावत**
बाबुको नाम : फकिरे रावत
बाजेको नामः काले बहादुर रावत
ठेगाना : गडराय-०७, बझाङ्ग
हाल : धनगढी-०३, कैलाली
ना.प्र.नं. : १९९०, जारी मिति : २०४६/१२/२४
जारी गर्ने कार्यालय : जि.प्र.का., बझाङ्ग

**घ) नामः हिक्मत सिंह रावत**
बाबुको नाम : हर्क बहादुर रावत
बाजेको नामः फकिरे रावत
ठेगाना : खप्तडछान्ना-०७, वझाङ्ग
हाल : धनगढी-०३, कैलाली
ना.प्र.नं. : ७१-०१-७९-०५५०३
जारी मिति : २०७९/१०/१३
जारी गर्ने कार्यालय : जि.प्र.का., वझाङ्ग

**सुरक्षण धितोको विवरणः** श्री मालपोत कार्यालय धनगढी, कैलालीमा श्री गणेश बहादुर रावतको नाममा रहेको जिल्ला कैलाली भजनी वडा नं.०५क स्थित कि.नं. १३९३ को क्षेत्रफल २८७८.३४ व.मि. रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

### ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण

**२) ऋणीः जय मष्टा हार्डवयर एण्ड सप्लायर्स/गीता कुमारी रावत**
दर्ता गर्ने कार्यालय : गोदावरी नगरपालीका नगर कार्यपालिकाको कार्यालय अत्तरीया, कैलाली
प्रमाण-पत्र नं.: ३६८, दर्ता मितिः २०८०/१०/२२
पान नं. ६२०९०१९३०
ठेगाना : गोदावरी न.पा.-०३, कैलाली

**प्रोप्राइटर/जमानीकर्ताको विवरण**

**नामः कृष्ण बहादुर रावत**
बाबुको नाम : पुने रावत
बाजेको नामः माने रावत
ठेगाना : वुढिगंगा -०४, बाजुरा
हाल : गोदावरी -०२, कैलाली
ना.प्र.नं. : ७३३२, जारी मितिः २०५९/०५/२०
जारी गर्ने कार्यालय : जि.प्र.का., बाजुरा
**कर्जा लिएको साखा : धनगढी, कैलाली**

### जमानीकर्ताको विवरण

**क) नाम : गीता कुमारी रावत**
बाबुको नाम : हर्क बहादुर रावत
पतिको नाम : कृष्ण बहादुर रावत
ससुराको नाम : पुने रावत
ठेगाना : गडराय -०७ बझाङ्ग
हाल : गोदावरी -०२, कैलाली
ना.प्र.नं. : ७१३०२८/६६
जारी गर्ने कार्यालय : जि.प्र.का., बझाङ्ग
जारी मितिः २०६३/११/२३

**सुरक्षण धितोको विवरणः** श्री भूमिसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीमा गिता कुमारी रावतको नाममा दर्ता कायम रहेको कैलाली जिल्ला वेलादेवीपुर -०६, स्थित कि.नं. ५१७ क्षेत्रफल ५२१५ व.मि. रहेको घर/जग्गा तथा साले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

---

# Triyuga Municipality
## Office of The Municipal Executive
**Gaighat, Udayapur**
**Koshi Province, Nepal**

## Invitation For Bid

Date of Publication: - 2082-07-17 (2025-11-03)

1. Triyuga Municipality Office, Gaighat, Udayapur invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.

| S. N. | Contract ID | Description & Location of Works | Estimated Amount | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/ Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-NCB-GOODS-13/2082-083 | Supply and Delivery of Stationery Items for Triyuga Municipality Office. | 3,438,714.79 | 3,000.00 | 91,000.00 | 90 days/ 120 days |

2. Information to deposit the cost of bidding document and bid bond in bank:

| | | | |
|---|---|---|---|
| Office Name | Triyuga Municipality Office | Lase date of Submission | 2082-08-17 (3rd Dec. 2025) Time: -12:00 Hrs. |
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | Date of Bid Opening | 2082-08-17 (3rd Dec. 2025) Time: -13:00 Hrs. |
| Aantarik Rajaswa Khata No. | GA-1-1 2090100301010004 (For Bid Document Fee) | Pre-bid Meeting | 2082-08-08 (24th Nov. 2025) Time: -11:00 Hrs. |
| Rajaswa Shirshak No. | 14229 | Office Code No. | 133006510 |
| Dharauti Khata No. | GA-3 2090100303000004 (For Bid Security) | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp
4. Online bids must be valid for a given Bid Validity Period for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064. Any amendments in tender notice shall be published in e-procurement section.
6. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
7. Triyuga Municipality Office, Gaighat, Udayapur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER**

# एनआईसी एसियाका ग्राहकलाई देवदह मेडिकल कलेजमा छुट

■ आर्थिक संवाददाता
काठमाडौं, कात्तिक १६



एनआईसी एसिया बैंकका ग्राहकहरूलाई देवदह मेडिकल कलेज एन्ड रिसर्च इन्स्टिच्युटमा उपचार गर्दा विशेष छुट प्राप्त हुने भएको छ । यस सम्बन्धमा अस्पताल र बैंकबीच सम्झौता भएको छ । योसँगै बैंकका ग्राहकहरूले देवदह, रूपन्देहीमा रहेको उक्त अस्पतालमा सेवा लिई डिजिटल भुक्तानी गर्दा ५० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् ।

अस्पतालमा सेवा लिँदा ओपीडी टिकटमा ५० प्रतिशत, साधारण शच्या शुल्कमा २५ प्रतिशत, आईसीयू/एनआईसीयू/पीआईसीयू/सीसीयूमा १० प्रतिशत, शल्यचिकित्सा उपचारमा १५ प्रतिशत, प्याथोलजिकल ल्याब चार्जमा १५ प्रतिशत, रेडियोलजिकल सर्भिसहरूमा १५ प्रतिशत (सीटी र एमआरआईबाहेक) र अन्य सेवाहरूमा १० प्रतिशत छुट सुविधा उपयोग गर्न सक्नेछन् । यस सुविधाको उपयोग गर्न ग्राहकहरूले यस बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबैंक एपमार्फत भुक्तानी गर्नुपर्नेछ ।

उक्त अस्पतालसँगको यस सहकार्यले ग्राहकहरूलाई छुट सुविधा उपलब्ध हुनुको साथै, मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।



## एकता बचत तथा ऋण सहकारी संस्था लि.

बनेपा-८, काभ्रे

### कर्जा चुक्ता सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

तपशिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत यस संस्थाबाट कर्जा लिई कर्जा लिदा गरेको शर्त कबुलियत बमोजिम बुझाउनु पर्ने सावाँ, ब्याज, हर्जाना तथा अन्य दै/दस्तुर आदि नबुझाई बांकी बक्यौता राखेको कारण तपाई ऋणी तथा जमानीकर्तालाई पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गरी बांकि बक्यौता बुझाउन आउनु होस् भनि अनुरोध गर्दा पनि बेवास्ता गरी बसेकोले कर्जा चुक्ता सम्बन्धि यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरीएको छ । तसर्थ यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा उपस्थित भै यस संस्थाबाट लिएको कर्जाको सांवा, ब्याज, हर्जाना तथा बिलम्ब शुल्कको बांकि बक्यौता बुझाउन आउनु वा सो बुझाई सकेको भए सो को प्रमाण पेश गर्न आउनु होला । नआएमा प्रचलित कानुन बमोजिम बांकि बक्यौता असुल उपर गरी पाउ भनि उजुरी गरी तपाई वा तपाईको एकाघरका अंशियारको नाउमा रहेको चल अचल सम्पति रोक्का राखि असुल उपर गरीने ब्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।

तपशिल

| ऋणीको बिबरण | फोटो | जमानीकर्ताको बिबरण |
|---|---|---|
| **नाम- दिनेश प्रसाद अधिकारी**<br>वतन- का.प.जि.साविक कानपुर कालापानी गा.बि.स.वडा नं.३ बा हाल ऐ बनेपा न.पा.वडा न.११<br>पिताको नाम- उद्धब प्रसाद अधिकारी<br>बाजेको नाम- दुर्गा प्रसाद अधिकारी |  | **नाम- सुलोचना साई (अधिकारी)**<br>वतन- का.प.जि.साविक कानपुर कालापानी गा.बि.स.वडा नं.३ बा हाल ऐ बनेपा न.पा.वडा न.११<br>पतिको नाम- दिनेश प्रसाद अधिकारी<br>ससुराको नाम- उद्धब प्रसाद अधिकारी |
| **नाम- राजेश खत्री**<br>वतन- का.प.जि.बनेपा न.पा.वडा नं.६<br>पिताको नाम- रामहरी खत्री<br>बाजेको नाम- डोल बहादुर खत्री |  | |



MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

कर्पोरेट कार्यालय थापाथली, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

### धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको १५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/०७/१७ गते**

यस वित्तीय संस्थाको नारायनगढ शाखा कार्यालयबाट तपसील बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तीय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता नभएकाले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाका कर्पोरेट कार्यालय, थापाथलीमा १६ औं दिन वा सो दिन विंदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउसो ४:०० बजे खोलिने हुँदा उक्त दिन सम्वन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्वन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्वन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तीय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणी तथा सरोकारवालाले सम्पुर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

तपसिल

**१) ऋणीको नाम :** अद्यौगिक व्यवसाय ऐन बमोजिम निजी उद्यममा मिती २०७५/०८/२४ मा प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा मन्त्रालय अर्न्तगतको घरेलु तथा साना उद्योग कार्यालयमा लघु उद्यम दर्ता नं. ३८५/०७५/०७६ कायम भै, स्थायी लेखा नं. ६०८८७३५०१ भएको चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १६, स्थित **श्री ढकाल गाई फर्म ।**

**कर्जाको प्रकार : कृषि कर्जा**

| **प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : धमेन्द्र ढकाल** | **व्यक्तिगत जमानिकर्ता : पार्वती पोखेल** |
|---|---|
| बाबु : कृष्ण प्रसाद ढकाल | बाबु : भिम प्रसाद पोखेल |
| बाजे : पदमराज ढकाल | पती : धमेन्द्र ढकाल |
| ना.प्र.नं. : २४८३/०४४ | ना.प्र.नं. : २१४३/०६२ |
| जारी मिति : २०५९/०८/०८, जि.प्र.का., चितवन | जारी मिति : २०६२/११/१६, जि.प्र.का., चितवन |
| ठेगाना : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १६ | ठेगाना : चितवन जिल्ला पिठुवा गा.वि.स. वडा नं. ०९<br>हाल : रत्ननगर न.पा. वडा नं. १६ |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**
**धमेन्द्र ढकालको** नाममा मा.पो.का. चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, पिठुवा गा.वि.स./न.पा. वडा नं. १, नक्सा सिट नं. १क स्थित कि.नं. १४०७ र ६४० को क्षेत्रफल क्रमश ०-१-१०-० (५०७.९३ व.मी.) र ०-२-०-० (६७७.२६ व.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**शर्तहरु:**

१. बोलपत्र फाराम यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय, थापाथलीबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निणर्य अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तीय संस्थाले लिन सक्ने छ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको कर्पोरेट कार्यालय, थापाथलीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय, थापाथलीमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तीय संस्थाको कर्पोरेट कार्यालय, थापाथलीमा सम्पर्क राख्न सकिने छ। लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनछे।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, कर्पोरेट कार्यालय, थापाथली, काठमाडौं ।
**समय :** दिउसो ४:०० बजे, **मिति :** २०८२/०८/०२ गते


# सिटिजन्स बैंकको डिजिटल प्रणाली प्राथमिकतामा
## 'क्रस बैंक टेलर क्यूआर' ग्राहकको सारथि बन्दै

■ आर्थिक संवाददाता
काठमाडौं, कात्तिक १६




सिटिजन्स बैंक लिमिटेडले नेपालको बैंकिङ क्षेत्रमै पहिलो पटक प्रयोगमा ल्याएको 'क्रस बैंक टेलर क्यूआर'का प्रयोगकर्ताहरू बढिरहेका छन् । डिजिटल प्रणालीलाई प्राथमिकता राखेको यस बैंकले ल्याएको यो सेवा नगद आवश्यक पर्नेको लागि लोकप्रिय समेत बनिरहेको हो ।

पछिल्लो समय ग्राहकलाई नयाँ-नयाँ सेवा दिन तल्लीन भएको यो बैंकले नेपालमा पहिलो पटक प्रयोगमा ल्याएको यो सेवा निकै छरितो समेत रहेको छ । सेवाग्राहीको समयको बचत हुने र प्रयोगसमेत सहज रहेको छ । जसकारण सेवाग्राहीको सारथि बनिरहेको छ । बैंकका अनुसार ग्राहकहरूले नजिकैको सिटिजन्स बैंकको शाखा काउन्टरमा गई आफ्नो बैंकको मोबाइल बैंकिङमार्फत क्रस बैंक टेलर क्यूआरलाई स्क्यान गरेर तुरुन्तै नगद भुक्तानी प्राप्त गर्न सक्नेछन् । यस प्रकारको सेवाले भुक्तानी प्रक्रियालाई झनै द्रुत र सुरक्षित बनाई ग्राहकलाई सुविधाजनक सेवाको अनुभव प्रदान गर्ने लक्ष्य बैंकले राखेको छ । नयाँ प्रणालीले डिजिटल भुक्तानीको दायरा विस्तार गर्दै ग्राहकलाई बैंकिङ सेवामा सहज पहुँच र समयको बचत गराउने विश्वास सिटिजन्स बैंकले व्यक्त समेत गरेको छ ।

यस्तो सेवा सुरू हुँदै गर्दा प्रयोग नगर्ने सेवाग्राहीको मनमा भने प्रयोग कसरी गर्ने र यसको फाइदा के-के हुन् भन्ने जिज्ञासा समेत आउँछ । त्यसको लागि भने यो प्रणाली नै बुझ्न् जरूरी रहेको छ । यो इन्टरओपरेबल डिजिटल बैंकिङ सेवा हो । जसअन्तर्गत सिटिजन्स बैंकमा गई जुनसुकै बैंकका ग्राहकले टेलर काउन्टरमा राखिएको क्यूआर कोड स्क्यान गरी नगद निकासी गर्न सक्नेछन् ।

यसको प्रयोग गर्नको लागि सिटिजन्स बैंकको शाखामा जानैपर्ने हुन्छ । त्यहाँ पुगेपछि सेवाग्राहीले आफ्नो मोबाइल बैंकिङ एप खोल्नुपर्ने हुन्छ । टेलर काउन्टरमा रहेको क्यूआर कोड स्क्यान गर्नुपर्नेछ । बैंकले जानकारी गराएअनुसार त्यसपछि झिक्न चाहेको रकम प्रविष्ट गर्नुपर्ने हुन्छ । त्यो रकम भने नेपाल राष्ट्र बैंकले तोकिएको सीमाभित्र रहेको हुनुपर्नेछ ।

मोबाइल एपमा निश्चित रकमको कारोबार सीमा राखिएको छ । ट्रान्स्याक्सन अनुमोदन गर्नुपर्नेछ । नगद तुरुन्तै टेलरबाट प्राप्त हुनेछ । नगद चलाइरहेकाको लागि यो सेवा निकै नै उपभोगी भइरहेको छ । यसले कागजी र नगद कारोबारमा निर्भरता घटाउने र सर्वसुलभ बैंकिङ सेवा विस्तार गर्नको लागि मद्दत गरेको छ । हामी ग्राहकहरूलाई सरल र स्मार्ट बैंकिङ अनुभव दिन प्रतिबद्ध छौं, बैंकले विज्ञप्तिमार्फत भनेको छ ।

# नेसनल लाइफको सीईओ क्लब सदस्य सम्मान कार्यक्रम

■ आर्थिक संवाददाता
काठमाडौं, कात्तिक १६



नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले पोखराको होटल वाटरफ्रन्टमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतको सभापतित्वमा सीईओ क्लब सदस्य सम्मान कार्यक्रम सम्पन्न गरेको छ ।

आर्थिक वर्ष २०८१/८२मा तोकिएको बीमाशुल्क संकलन गरी गण्डकी प्रदेशबााट योग्य भएका दुई सय २० जना अभिकर्ताहरू, विभागीय प्रमुखहरू, प्रदेश प्रमुख एवं गण्डकी प्रदेशअन्तर्गत रहेका शाखा कार्यालयका शाखा प्रमुखहरूको सहभागितामा कम्पनीले सीईओ क्लब सदस्य बन्न सफल अभिकर्ताहरूलाई सम्मान गरेको हो ।

प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले पानसमा द्विप प्रज्वलन गर्दै शुभारम्भ गरिएको सम्मान कार्यक्रममा गण्डकी प्रदेशबाट सीईओ क्लबका सदस्य हुन सफल अभिकर्ताहरूलाई सदस्यता वितरण तथा सम्मान गरिएको थियो भने सो प्रदेशबाट आफ्नो कोडमा र सञ्जालमा प्रथम द्वितीय र तृतीय हुन सफल अभिकर्ताहरूलाई विशेष सम्मान तथा पुरस्कृत गरिएको थियो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृतले गण्डकी प्रदेशबाट नेसनल रत्न तथा नेसनल स्टार विजेता अभिकर्ताहरूलाई नेसनल लाइफ लोगो अंकित चाँदीको मेडल, सर्टिफिकेट र खादाबाट सम्मान गरेका थिए ।

समारोहमा प्रमुख कार्यकारी अधिकृतज्यूले सीईओ क्लब र नेसनल अवार्डअन्तर्गत योग्य हुने अभिकर्ताहरूलाई प्रदेशस्तरीय रूपमा सम्मान कार्यक्रम सम्पन्न गर्दै लाने कम्पनीको योजनाअनुरूप गण्डकी प्रदेशमा पहिलो सम्मान कार्यक्रम राखिएको र अन्य प्रदेशहरूमा पनि निरन्तर कार्यक्रम गर्दै जाने बारेमा जानकारी गराउनुको साथै उनले कम्पनीले अभिकर्ता मैत्री स्किमहरू ल्याउने क्रममा सीईओ क्लब सदस्यता योजना ल्याइएको र यसमा नेपालभरबाट १६ सय जनाभन्दा बढी अभिकर्ताहरू छनोट हुन सफल भएकोमा यो योजना अत्यन्तै सफल भएको बताए ।

कार्यक्रममा सहभागी अभिकर्ताहरूलाई चर्चित अन्तर्राष्ट्रिय प्रशिक्षक काजिम रजाले तालिम प्रदान गरेका थिए । तालिमको क्रममा उनले जीवन बीमा व्यवसायमा सफलता पाउनका लागि धेरैभन्दा धेरै व्यक्तिहरूसंग सम्पर्क बढाई बीमा पोलिसीको कुरा राख्न सक्ने आवाश्यक ज्ञान र साहस चाहिने बताए ।

समारोहमा, चर्चित अन्तर्राष्ट्रिय तालिम प्रशिक्षकबाट तालिम प्राप्त गर्न पाउँदा भविष्यमा यस पेसालाई निरन्तरता दिई व्यावसायिक बनाउँदै लाने ऊर्जा मिलेको सहभागी अभिकर्ताहरूले जानकारी गराए । यसैगरी कार्यक्रममा प्रमुख कार्यकारी अधिकृतबाट सम्मान ग्रहण गर्न पाउँदा आफूले गरेको मिहिनेतको कदर भएको र अत्यन्तै गर्व लागेको बताएका थिए ।

# लुम्बिनी हेरिटेज र आईएचजीबीच सहकार्य : आईपिओ पनि आउने

■ आर्थिक संवाददाता
काठमाडौं, कार्त्तिक १६




अन्तर्राष्ट्रिय आतिथ्य समूह आइएचजी होटल्स एण्ड रिसोर्टस् र लुम्बिनी हेरिटेज लिमिटेडबीच भारतको राजधानीमा नयाँ दिल्लीमा एक विशेष समारोहमा सहकार्य सम्झौता सम्पन्न भएको छ ।

सम्झौतामा लुम्बिनी हेरिटेज लिमिटेडका अध्यक्ष सुभाष अमात्य र आइएचजी होटल्स एण्ड रिसोर्टस्का दक्षिण पश्चिम एसियाका प्रबन्ध निर्देशक सुदीप जैनले हस्ताक्षर गरेका छन् । यस सम्झौतासँगै आइएचजीले पहिलो पटक काठमाडौँ बाहिर सेवा विस्तार गर्दै लुम्बिनीमा आफ्नो प्रिमियम ब्रान्ड क्राउन प्लाजा सञ्चालन गर्नेछ । हाल लुम्बिनीमा सञ्चालनमा रहेको लुम्बिनी हेरिटेज होटललाई पुनःब्रान्डिङ गरी 'क्राउन प्लाजा लुम्बिनी' नाम दिइने छ ।

यसअघि 'पवन प्यालेस लुम्बिनी'का नाममा सञ्चालनमा रहेको यो होटललाई अधिग्रहणपछि अन्तर्राष्ट्रिय मापदण्डअनुसार पुनःस्थापान्तरण गरिएको हो । होटलमा कुल एक सय वटा ४७ कोठा, जसमा सात वटा स्वीट रूमसहित, आधुनिक बहुउद्देश्यीय हल, रेष्टुराँ, फिटनेस सेन्टर, स्वीमिङ पूल र अन्य प्रिमियम सुविधा रहनेछन् । साथै, आगामी आठ महिनाभित्र क्यासिनो सेवा सुरू गर्ने योजना समेत कम्पनीले जनाएको छ ।

लुम्बिनी हेरिटेज लिमिटेडको होटल भगवान गौतम बुद्धको जन्मस्थलबाट करिब १.९ किलोमिटर र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवाबाट करिब ९ किलोमिटर दूरीमा अवस्थित छ । कम्पनीले सन् २०२६ भित्र सर्वसाधारणका लागि आइपिओ निष्कासन गर्ने योजना पनि अघि सारेको छ । लुम्बिनी हेरिटेज लिमिटेडका अध्यक्ष सुभाष अमात्यले भने, "आइएचजीसँगको सहकार्यले लुम्बिनीको आतिथ्य सेवा नयाँ स्तरमा पुग्नेछ र यस क्षेत्रको पर्यटन सम्भावनामा थप ऊर्जा भर्नेछ ।" त्यसैगरी, आइएचजीका प्रबन्ध निर्देशक सुदीप जैनले भने, "क्राउन प्लाजा लुम्बिनीसँगै नेपालमा हाम्रो उपस्थितिलाई पुनः सुदृढ गर्न पाउँदा हामी खुशी छौं ।


### हकदावीको सूचना

जिल्ला धादिङ, त्रिपुरासुन्दरी गाउँपालिका, बडा नं. २, बस्ने रघुनाथ बस्ताकोटीको नाती, बिष्णु प्रसाद बस्ताकोटीको छोरा, श्री गोपी लाल बस्ताकोटी (ना.प्र.न. ११५७६ टो ११५७ धादिङ, जारी मिति २०४५/०१/०८) को मिति २०८२/०६/१६ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. १३२०५०८००००६९७ मा रहेको सम्पुर्ण रकम निजको मृतकका श्रीमती प्रेम कुमारी बस्ताकोटी (ना.प्र.न.११५५, धादिङ, जारी मिति २०४५/०१/०८) सबै भन्दा नजिकको हकवालाको हैसियतले उपलब्ध गराई पाउँ भनी आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB | शाखा कार्यालय, ठमेल, (राधाकृष्ण काउन्टर) काठमाडौं
फोन नं.:- ०१-४७०१३५७, ४७०१३५८, ४८८००८०


## नेपाल एसबिआई बैंकको सञ्चालक समितिको अध्यक्षमा कुंचा

काठमाडौं, कार्त्तिक १६ । नेपाल एसबिआई बैंक लिमिटेडको सञ्चालक समितिको यही कात्तिक १४ गते बसेको ५३६औं बैठकले स्टेट बैंक अफ इन्डियालाई प्रतिनिधित्व गरी आएका सञ्चालक वेंकट वंसीधर कुंचालाई बैंक सञ्चालक समितिको अध्यक्षमा सर्वसहमतिबाट चयन गरेको छ ।

अध्यक्ष वेंकट वंसीधर कुंचा, एसबीआईको मुम्बइस्थित प्रधान कार्यालयको अन्तर्राष्ट्रिय बैंकिङ समूहमा मुख्य महाप्रबन्धकको पदमा कार्यरत रहेका छन् । उनले एसबीआईको २९ देशमा विस्तारित अन्तर्राष्ट्रिय व्यवसायसँग सम्बन्धित मामिला हेर्नेछन् । नेपाल राष्ट्र बैंकका गभर्नर प्राडा विश्वनाथ पौडेलले बैंकका नवनियुक्त सञ्चालक समितिका अध्यक्ष श्री वेंकट वंसीधर कुंचालाई नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटारमा आज आयोजित एक समारोहबीच पद तथा गोपनीयताको शपथग्रहण गराए ।

Find us on : facebook/ aarthikdainik

# बैंक तथा फाइनान्स कम्पनीहरुको आर्थिक बर्ष २०८१/०८२ को नाफा र निष्क्रिय कर्जाको अवस्था (रकम रु हजारमा, निष्क्रिय कर्जा प्रतिशतमा)

**वाणिज्य बैंकतर्फ**

बैंकहरुको नाफा र खराब कर्जाको अवस्था (रकम रु हजारमा, खराब कर्जा (एनपिएल) प्रतिशतमा)

| क्र.स | वाणिज्य बैंकको नाम | चौंथो त्रैमाससम्म | | | |
|---|---|---|---|---|---|
| | | २०८१/०८२ | | २०८०/०८१ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | कुमारी बैंक | २११६४०९.०५ | ६.४२ | ४६०८.७० | ५.९६ |
| २ | माछापुच्छ्रे बैंक | २०११४६१.५१ | ३.८३ | १०४५१९९.१८ | ३.८६ |
| ३ | सिद्धार्थ बैंक | ३३९५२८५.७३ | २.६२ | ३०८००२८.६८ | २.१७ |
| ४ | सिटिजन्स बैंक | १२९३३२१.३९ | ४.९४ | १३२०७३१.०० | ४.१० |
| ५ | कृषि बिकास बैंक | ४१५४४७५.७९ | ९.९६ | २८९७४८७.८० | ९.२४ |
| ६ | सानिमा बैंक | २५७११५५.९५ | ३.०१ | २३९७४४३.८३ | १.७२ |
| ७ | एभरेष्ट बैंक | ४९१८१६५ | ०.३८ | ३८०३२२५ | ०.७१ |
| ८ | एनएमबी बैंक | ३२८१७९२ | ३.७२ | २२४४३९५ | ३.४० |
| ९ | नबिल बैंक | ७१२७५६६ | ०.९७ | ६१९७१०९ | १.३७ |
| १० | हिमालयन बैंक | १५१२५३२.११ | ७.२८ | १२३८३०३.५९ | ४.९८ |
| ११ | प्रभु बैंक | ५४४२६९३ | ४.९६ | ५१०८५६ | ४.९४ |
| १२ | ग्लोवल आईएमई बैंक | ६२०४७४५ | ४.८७ | ६१३७४५४ | ४.१७ |
| १३ | नेपाल बैंक | ३७७३००९.९८ | ४.४७ | २८४२०.०३ | ४.३३ |
| १४ | राष्ट्रिय बाँणिज्य बैंक | ३८१६७०९.९० | ३.५९ | २५५२४६७.५१ | ४.२८ |
| १५ | नेपाल एसबिआई बैंक | १८०२५८०.१२ | ३.३५ | १९९९७७२.८८ | १.९६ |
| १६ | लक्ष्मीसनराईज बैंक | ४११६९६७ | ४.२५ | २९२०३७९ | ४.६३ |
| १७ | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक | ६७५६६४९ | ५.८५ | ४१०८८९२ | ४.९१ |
| १८ | प्राईम कर्मसियल बैंक | ४०२४४३१.५६ | ५.५६ | ३५०७६९४.९९ | ४.६५ |
| १९ | स्टान्डर्ड चार्टड बैंक | ३०२९३०३ | १.४७ | ३२७५२५८ | २.१४ |
| २० | एनआईसी एशिया बैंक | १६१५७३.२३ | ६.२८ | ७९१४७९.६३ | ३.४५ |

(श्रोत: सम्वन्धीत बैंकको गत आवको चौंथो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

**बिकास बैंकतर्फ**

| क्र.स | बिकास बैंकको नाम | चौंथो त्रैमाससम्म | | | |
|---|---|---|---|---|---|
| | | २०८१/०८२ | | २०८०/०८१ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | कामना सेवा बिकास बैंक | ६३५२९७.०५ | ३.३८ | ६८१५३१.८२ | ३.३६ |
| २ | सिन्धु बिकास बैंक | ११७८७८.७५ | ६.०३ | ३०४१२.८६ | १०.६३ |
| ३ | साँग्रिला डेभलपमेन्ट बैंक | ५३७०९५.११ | ५.६४ | ५०४२८०.४५ | ३.९३ |
| ४ | ग्रीन डेभलपेन्ट बैंक | ६९४०८.३९ | ३.३३ | ३८६६१.२४ | ३.१८ |
| ५ | मितेरी डेभलपमेन्ट बैंक | १३०४०२.०७ | ०.२८ | १४४९५०.९४ | ०.८१ |
| ६ | शाईन रेसुंगा बैंक | ६८८६२९.९४ | ४.२४ | ६८५३२१.४४ | ३.४३ |
| ७ | महालक्ष्मी बिकास बैंक | ५०६६६५.४४ | ४.८९ | ५००३६४.९२ | ४.६७ |
| ८ | ज्योति बिकास बैंक | १२३७८.८३ | ७.९८ | १७०५०३.५८ | ५.२९ |
| ९ | लुम्बिनी बिकास बैंक | ३७९८८४.८५ | ४.५५ | ५४३६६७.५२ | ३.२९ |
| १० | एक्सेल डेभलपमेन्ट बैंक | ४०९०१.४८ | ६.७१ | ४३४९४.८८ | ६.१६ |
| ११ | गरिमा बिकास बैंक | १३१०३९२.५९ | ४.७२ | ४३३९५१.८६ | ४.८५ |
| १२ | कर्पोरेट डेभलपमेन्ट बैंक | -१६३८५.८५ | १२.३६ | २०१९०.१८ | ११.५६ |
| १३ | नारायणी डेभपमेन्ट बैंक | -२५१६९.२० | ५०.९७ | -१७८००.१८ | ४६ |
| १४ | मुक्तिनाथ बिकास बैंक | १५३७४३१ | २.७५ | ११७६३३५ | २.३७ |

(श्रोत: सम्बन्धित विकास बैंकको गत आवको चौंथो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

**फाइनान्सतर्फ**

| क्र.स | फाइनान्सको नाम | चौंथो त्रैमाससम्म | | | |
|---|---|---|---|---|---|
| | | २०८१/०८२ | | २०८०/०८१ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | मञ्जुश्री फाइनान्स | ३१४३८२.९६ | ३.११ | २२४६१५.३६ | ३.२२ |
| २ | पोखरा फाइनान्स | ११३९०८.८९ | ४.५९ | -१०६४५९.३० | १०.०१ |
| ३ | आईसीएफसी फाइनान्स | ३४४९४३ | १.८३ | ११३२४३.३१ | ३.६८ |
| ४ | समृद्धि फाइनान्स | ३१९३५.५४ | ९.६६ | -१३६१२३.११ | २०.२३ |
| ५ | सेन्ट्रल फाइनान्स | ८९१४८.१० | १४.१८ | ३४१३६३.४२ | १३.३९ |
| ६ | गुह्येश्वरी मर्चेन्ट फाइनान्स | २७९५८ | ६.१६ | -३७९८ | ६.३१ |
| ७ | गोर्खाज फाइनान्स | -१२७३९४.५४ | १६.१० | ४२३७२.८५ | १२.७३ |
| ८ | श्री इन्भेष्ट एण्ड फाइनान्स | ६९९३०.६१ | २.५७ | ६१६५९.३२ | २.८६ |
| ९ | मल्टीपर्पस फाइनान्स | २३३२४.३१ | ५.४७ | १६४८५.२५ | ४.३४ |
| १० | बेष्ट फाइनान्स | २०७७.५० | ८.६४ | -१००६१४.५० | ५.९७ |
| ११ | रिलायन्स फाइनान्स | ४२७०४ | ९.०० | ४२६०९ | ६.४७ |
| १२ | नेपाल फाइनान्स | २१७४५.८७ | ९.७४ | -२८१८१.५३ | १३.४२ |
| १३ | गुडविल फाइनान्स | ५११९.३९ | ५.७६ | १४८४२९.२८ | ४.८९ |
| १४ | प्रोग्रेसिभ फाइनान्स | १११९३८.७० | ४.४४ | ११६८५७.०८ | ८.९२ |

(श्रोत: सम्बन्धित फाइनान्सको गत आवको चौंथो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

**लघुवित्त वित्तीय संस्थातर्फ**

| क्र.स | लघुवित्त वित्तीय संस्थाको नाम | चौंथो त्रैमास | | | |
|---|---|---|---|---|---|
| | | २०८१/०८२ | | २०८०/०८१ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | गुराँस लघुवित्त संस्था | ३९५८३.४५ | २.९१ | २०८३७.६७ | ३.६७ |
| २ | सर्पोट लघुवित्त वित्तीय संस्था | ५११९८.६० | १.५८ | २१२७७.०४ | १.८२ |
| ३ | इन्फिनिटी लघुवित्त संस्था | ९३७५५.०४ | ७.४३ | ४५७९८.४७ | १०.१९ |
| ४ | आरम्भ चौतारी लघुवित्त | ९४४१८.६० | २.१३ | ६८०.९७ | ४.२१ |
| ५ | कालिका लघुवित्त संस्था | १०८०६८.५२ | ४.६७ | ७९२१७.६१ | ३.७९ |
| ६ | हिमालयन लघुवित्त संस्था | ९१७७३.२९ | ५.३३ | –२००७.७१ | ३.४९ |
| ७ | महुली लघुवित्त संस्था | ११४५२९.९१ | ४.८० | ३२१८९.२९ | ३.९४ |
| ८ | सिवाईसी नेपाल लघुवित्त | ११७४७८.३१ | ४.५४ | ३८०८८.०९ | ४.०५ |
| ९ | आशा लघुवित्त संस्था | २०९२७७.९८ | ४.४८ | ६००८९.८७ | ४.८१ |
| १० | फर्ष्ट माईक्रो फाइनान्स | १३१७२६.८० | ३.८४ | १४०६४९.२३ | ३.१६ |
| ११ | स्वाभिमान लघुवित्त संस्था | ७२३५०.९८ | ४.२० | ७८७२.४१ | ७.३५ |
| १२ | समता घरेलु लघुवित्त संस्था | ८४९९८.१० | ६.८७ | २४९३३.०४ | १०.४५ |
| १३ | नाडेप लघुवित्त संस्था | ५३७२७.१४ | १४.१४ | –७४४२१.९३ | ९.९६ |
| १४ | मेरो माईक्रो फाइनान्स | २१६०९०.२१ | ९.९९ | १४५७१७.६३ | ८.२३ |
| १५ | एनएमबी लघुवित्त संस्था | ६३८४१.५७ | ४.४३ | –५२९१६.३१ | ६.३६ |
| १६ | अभियान लघुवित्त संस्था | ६६०५०.२० | ४ | –२४४६६.६९ | ४.९८ |
| १७ | ग्लोवल आईएमई लघुवित्त | २३५८७२.०० | ३.६२ | १०६२९४.५९ | ४.०७ |
| १८ | नेरूडे लघुवित्त संस्था | २५४०१७.२० | ११.३२ | ३०१९४२.८१ | १०.४१ |
| १९ | युनिक नेपाल लघुवित्त | ४०५२८.४१ | १२.२१ | –८७४५७.९१ | १७.४२ |
| २० | स्वरोजगार लघुवित्त संस्था | २३९७०५.८० | ७.५४ | १११४०५.६६ | ५.५६ |
| २१ | लक्ष्मी लघुवित्त संस्था | १९६००.१३ | १०.३० | १३५२१.७९ | ७.४७ |
| २२ | सुर्योदय वोमी लघुवित्त | १३८२४४.१४ | ४.७० | ५६९४७.१३ | ६.११ |
| २३ | जनउत्थान सामुदायिक लघुवित्त | १४६५०.४७ | ६.१६ | १२१४८.२९ | ६.६५ |
| २४ | सम्पदा लघुवित्त संस्था | ८०३३१.०८ | ६.०० | ७३४२१.०९ | ४.८० |
| २५ | मानुषी लघुवित्त संस्था | १३०३४.५६ | ६.१४ | –७८९२.१२ | ८.०४ |
| २६ | श्रजनशील लघुवित्त संस्था | ४५०८५.७४ | ९.७९ | १४०३८.९६ | ६.४९ |
| २७ | नेशनल लघुवित्त संस्था | ४७४०४६ | ४.११ | २००५८८ | ३.६१ |
| २८ | बिजय लघुवित्त संस्था | ९६७७८.१४ | ९.६० | ३०४०४.७४ | २०.५० |
| २९ | स्वालम्वन लघुवित्त संस्था | ४४२६७४.५३ | ९.४७ | ३५९७८३.८५ | ७.९२ |
| ३० | ग्रामिण बिकास लघुवित्त | ३१४४७३.७२ | ४.७० | २८४७१२.०१ | ७.२५ |
| ३१ | सामुदायिक लघुवित्त संस्था | ३९८८.२१ | ४.८९ | -४१७७६.८८ | ७.९० |
| ३२ | छिमेक लघुवित्त संस्था | १२१२८७४.४९ | २.५५ | ९४४४१५.८७ | ३ |
| ३३ | एनआईसी एशिया लघुवित्त | -४४८६६५.२ | १६.९९ | १२७१२४.१६ | ९.९२ |
| ३४ | निर्धन उत्थान लघुवित्त | ८३५०७८.४७ | ८.४४ | २६६२४८.५६ | १०.६० |
| ३५ | नेष्डो समृद्ध लघुवित्त | -१००९९.६२ | २१.०६ | -१२१७२२.५६ | २६.४१ |
| ३६ | जीवन बिकास लघुवित्त | ७४०३६३.७५ | ४.८७ | २१००४९.०५ | ४.६६ |
| ३७ | डिप्रोक्स लघुवित्त संस्था | ६९११५४.५४ | ७.३३ | १५९८७८.८९ | ५.८९ |
| ३८ | फरवार्ड माईक्रो फाइनान्स | ६५३१०.४३ | ६.५६ | २९०८५३.६७ | ६.८१ |
| ३९ | साना किसान लघुवित्त | ८७८७०१.१२ | २.६५ | ९२१९४४.४३ | २.१८ |
| ४० | वीन लघुवित्त वित्तीय संस्था | ९६९७.७३ | ३.९३ | ११४७.९० | ८.६७ |
| ४१ | महिला लघुवित्त संस्था | ८४१४७.३० | १.९६ | ४८१३६.६६ | ३.७७ |
| ४२ | मातृभूमि लघुवित्त संस्था | -५७९४८.६८ | ८.७६ | -२७३९६.५० | ९.८५ |
| ४३ | समाज लघुवित्त संस्था | १४१९०.९४ | ४.७६ | ५१३०.५३ | ४.८२ |
| ४४ | धौलागिरी लघुवित्त संस्था | १५२०८.४२ | ७.३७ | -४४३६.६१ | ८.१० |

(श्रोत: सम्बन्धित लघुवित्त वित्तीय संस्थाको गत आवको चौंथो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

## कसको वार्षिक साधारणसभा कहिले ?

| नाम | किसिम | स्थान | मिति | एजेण्डा |
|---|---|---|---|---|
| तेह्रथुम पावर कम्पनी लिमिटेड | आठौं | अनुपम फुडल्याण्ड, बत्तिसपुतली | कात्तिक १७ | वित्तीय विवरण |
| बुटवल पावर कम्पनी | बिशेष | क्वालिटी बैंकेट | कात्तिक २१ | शेयर खरिद |
| गुराँस लघुवित्त वित्तीय संस्था | १०औं | हिले काञ्जिरोवा मकालु होटल, धनकुटा | कात्तिक २३ | लाभाँश |
| युनिलिभर नेपाल लिमिटेड | ३२ औं | एभरेष्ट होटल, नयाँ बानेश्वर | कात्तिक २५ | लाभाँश |
| ग्लोबल आईएमई बैंक | १९औं | प्रज्ञाप्रतिष्ठान, कमलादी | कात्तिक २६ | लाभाँश |
| एनआईएमबी क्यापिटल मार्केट्स लि. | तेस्रो | आईटी प्लाजा, कमलादी | कात्तिक २८ | पुँजी बृद्धि |
| नागरिक स्टक डिलमर कम्पनी | छैठौं | कम्पनीको सभाहल नयाँबानेश्वर | कात्तिक ३० | वित्तीय विवरण |
| इक्रा नेपाल लिमिटेड | १३ औं | काठमाडौं | मंसिर ३ | नगद लाभाँश |
| हिमालयन सेक्युरिटिज बैंकर लिमिटेड | दोस्रो | कम्पनीको कार्यालय, नयाँ बानेश्वर | मंसिर ४ | वित्तीय विवरण |
| नेशनल बायोटेक लिमिटेड | दोस्रो | ए वन क्याफे एण्ड भेन्यु, नयाँ बजार | मंसिर ५ | आईपिओ |
| प्रभु केवल कार एण्ड टुरिजम लिमिटेड | बार्षिक सभा | सिद्धार्थ कटेज, तिनकुने | पुस २६ | आईपिओ |
| मितेरी डेभलपमेन्ट बैंक | २० औं | सुनसरी उद्योग बाँणिज्य संघ, सुनसरी | पुस ६ | लाभाँश |
| सोल्टी होटल लिमिटेड | ५१ औं | त्रिभुवन आर्मी अफिर्सस क्लव, काठमाडौं | मंसिर २८ | लाभाँश |

## कुन कम्पनीको शेयर कहिले ?

| नाम | प्रकार | कित्ता | रकम | निकाशनमिति | अन्तिम मिति | बिक्री प्रबन्धक |
|---|---|---|---|---|---|---|
| नेपाल एसबिआई बैंक | ऋणपत्र | ३०००००० | ३००००००००० | असार ३० | साउन १ (छिटोमा) साउन १२ (ढिलोमा) | हिमालयन क्यापिटल लिमिटेड |
| शाईन रेसुंगा बिकास बैंक | ऋणपत्र | १०००००० | १००००००००० | असार ३२ | (छिटोमा) साउन १४ (ढिलोमा) साउन ४ | एनआईएमबी एस क्यापिटल लिमिटेड |
| हिमालयन बैंक लिमिटेड | एफपिओ | ९२५६४०९ | ९२६५४०९००० | असार ३२ | साउन ४ (छिटोमा) साउन १४ (ढिलोमा) | सिटिजन्स क्यापिटल लिमिटेड |
| नबिल बैंक | ऋणपत्र | ३०००००० | ३००००००००० | साउन ६ | साउन ९ (छिटोमा) साउन २० (ढिलोमा) | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेड |
| झापा इनर्जी लिमिटेड साधारण | (आयोजना प्रभावित) | ३८०१९० | ३८०१९००० | साउन १४ | साउन २८ (छिटोमा) भदौ १२ (ढिलोमा) | हिमालयन क्यापिटल लिमिटेड |
| दरमखोला हाईड्रो इर्नर्जी लिमिटेड | साधारण | २४२३१८५ | २४२३१८५०० | साउन १५ | साउन १९ (छिटोमा) साउन २९ (ढिलोमा) | एल.एस क्यापिटल लिमिटेड |
| जोशी हाईड्रोपावर कम्पनी | हकप्रद | २४१४१०० | २४१४१०००० | साउन १५ | भदौ ४ | एल.एस क्यापिटल लिमिटेड |
| झापा इनर्जी लिमिटेड साधारण | (बैदेशिक रोजगार) | ५७०२९ | ५७०२९०० | साउन १४ | साउन १८ (छिटोमा) साउन २८ (ढिलोमा) | हिमालयन क्यापिटल लिमिटेड |
| मावलिङ इर्नर्जी लिमिटेड | साधारण | १२४८९०४ | १२४८९०४०० | साउन २६ | साउन २९ (छिटोमा) भदौ ९ | एल.एस क्यापिटल लिमिटेड |
| बन्दीपुर केवल कार लिमिटेड | साधारण | ४३४१०८० | ४३४१०८००० | भदौ ११ | भदौ १५ | नेपाल एसबिआई मर्चेन्ट एण्ड बैंकिङ लिमिटेड |
| सागर डिष्ट्रिलरी लिमिटेड | साधारण (बैदेशिक रोजगार) | १४५२०० | १४५२०००० | साउन २८ | भदौ १ (छिटोमा) भदौ ११ | मुक्तिनाथ क्यापिटल लिमिटेड |
| एनआईसी एशिया बैंक | म्युचुअल फण्ड | १००००००००० | १०००००००००० | साउन २९ | भदौ २ (छिटोमा) भदौ १२ | एनआईसी एशिया क्यापिटल लिमिटेड |
| नबिल बैंक | म्युचुअल फण्ड | २५०००००० | २५०००००० | साउन ३० | भदौ ३ (छिटोमा) भदौ १३ | इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड |
| स्वस्तिक लघुवित्त वित्तीय संस्था | साधारण | १९५१९५ | १९५१९५०० | साउन ३० | भदौ ३ (छिटोमा) भदौ १३ | नविल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड |
| हिमालयन लाईफ इन्स्योरेन्स | म्युचुअल फण्ड | ४०००००००० | ४००००००००० | भदौ १५ | भदौ १८ (छिटोमा) भदौ २९ (ढिलोमा) | हिमालयन इन्भेष्टमेन्ट बैंकर लिमिटेड |
| बुंगल हाईड्रोपावर लिमिटेड | साधारण | १७०१५०० | १७०१५०००० | भदौ १६ | भदौ १९ (छिटोमा) भदौ ३० (ढिलोमा) | हिमालयन क्यापिटल लिमिटेड |
| सागर डिष्ट्रिलरी प्राली | साधारण | १४५२००० | १४५२००००० | भदौ २५ | भदौ २९ (छिटोमा) असोज ८ (ढिलोमा) | मुक्तिनाथ क्यापिटल लिमिटेड |
| शिव श्री हाईड्रोपावर लिमिटेड | हकप्रद | १४७६४००० | १४७६४०००० | भदौ १९ | असोज ८ | सिटिजन्स क्यापिटल लिमिटेड |
| आरबीबी बैंक | म्युचअुल फण्ड | १००००००००० | १००००००००० | भदौ १८ | भदौ २२ (छिटोमा) असोज ६ | आरबीबी मर्चेन्ट बैंकिङ लिमिटेड |
| रिभर फल्स पावर लिमिटेड | हकप्रद | ७०००००० | ७००००००० | भदौ २३ | असोज १२ | प्रभु क्यापिटल लिमिटेड |
| सिटी होटल लिमिटेड | हकप्रद | १३९२००० | १३९२००००० | भदौ २३ | असोज १२ | प्रभु क्यापिटल लिमिटेड |
| नारायणी डेभलपमेन्ट बैंक | हकप्रद | २६२४६७६ | २६२४६७६०० | असोज २ | असोज २२ | आईएमई क्यापिटल लिमिटेड |
| श्रीनगर एग्रीटेक प्रालि | साधारण | २५१०४९३ | २५१०४९३०० | असोज २६ | असोज २९ (छिटोमा) कार्तिक ९ (ढिलोमा) | नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड |
| एसवाई प्यानल नेपाल लिमिटेड | साधारण | ४०७६१५६ | ४०७६१५६०० | कार्तिक १९ | कार्तिक २३ (छिटोमा) मंसिर ३ (ढिलोमा) | प्रभु क्यापिटल लिमिटेड |

**नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय**
**विदेशी विनिमय व्यवस्थापन विभाग**
**२०८२ कात्तिक १७ गते (नोभेम्बर ०३, २०२५) सोमबारको नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर**

| मुद्रा | एकाइ | | खरिद दर | | बिक्री दर |
|---|---|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | रु. | १६०.०० | रु. | १६०.१५ |

===============================================================

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैंकको प्रयोजनको लागि)

| मुद्रा | एकाइ | | खरिद दर | | बिक्री दर |
|---|---|---|---|---|---|
| अमेरिकी डलर | १ को | रु. | १४१.७३ | रु. | १४२.३३ |
| युरो | १ को | रु. | १६४.०० | रु. | १६४.६९ |
| पाउण्ड स्टर्लिङ्ग | १ को | रु. | १८६.१९ | रु. | १८६.९८ |
| स्विस फ्रैन्क | १ को | रु. | १७६.६३ | रु. | १७७.३८ |
| अष्ट्रेलियन डलर | १ को | रु. | ९२.७५ | रु. | ९३.१४ |
| क्यानाडियन डलर | १ को | रु. | १०१.१५ | रु. | १०१.५८ |
| सिंगापुर डलर | १ को | रु. | १०८.९७ | रु. | १०९.४३ |
| जापानी येन | १० को | रु. | ९.२० | रु. | ९.२४ |
| चिनियाँ युआन | १ को | रु. | १९.९२ | रु. | २०.०१ |
| साउदी अरब रियाल | १ को | रु. | ३७.७९ | रु. | ३७.९५ |
| कतारी रियाल | १ को | रु. | ३८.८८ | रु. | ३९.०५ |
| थाई भाट | १ को | रु. | ४.३९ | रु. | ४.४१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | रु. | ३८.५९ | रु. | ३८.७५ |
| मलेशियन रिंगिट | १ को | रु. | ३३.८४ | रु. | ३३.९९ |
| दक्षिण कोरियन वन | १०० को | रु. | ९.९३ | रु. | ९.९७ |
| स्विडिस क्रोनर | १ को | रु. | १५.०० | रु. | १५.०६ |
| डेनिस क्रोनर | १ को | रु. | २१.९६ | रु. | २२.०५ |
| हङ्गकङ्ग डलर | १ को | रु. | १८.२४ | रु. | १८.३२ |
| कुवेती दिनार | १ को | रु. | ४६१.८३ | रु. | ४६३.७८ |
| वहराइन दिनार | १ को | रु. | ३७५.९७ | रु. | ३७७.५६ |
| ओमानी रियाल | १ को | रु. | ३६८.१२ | रु. | ३६९.६७ |

===============================================================

# राजदूत फिर्ता बोलाउने निर्णय कार्यान्वयन नगर्न सर्वोच्चको अन्तरिम आदेश

आर्थिक संवाददाता
काठमाडौँ, कात्तिक १६

सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले राजदूतहरू फिर्ता बोलाउन गरेको निर्णयलाई सर्वोच्च अदालतले रोक लगाएको छ । सर्वोच्च अदालतले आइतबार सरकारलाई राजदूतहरू फिर्ता बोलाउने निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको हो ।

न्यायाधीशहरू शारङ्गा सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले राजदूत फिर्ता बोलाउनेसम्बन्धी सरकारको निर्णय कार्यान्वयन नगर्न आदेश जारी गरेको हो । सरकारले राजदूत फिर्ता बोलाउने निर्णय गर्दा त्यसको आवश्कता र औचित्य पुष्टि हुने कुनै कारण देखाउन नसकेको आदेशमा उल्लेख छ । आदेशमा भनिएको छ, 'विभिन्न देशका १७ जना आवासीय राजदूतमध्ये ११ जनालाई मात्र छनोट र पदमुक्त गरी फिर्ता बोलाउने निर्णय गर्दा त्यसको आवश्कता र औचित्य पुष्टि हुने कुनै कारण समेत निर्णयमा उल्लेख भएको छैन । प्रस्तुत निवेदन अन्तिम आदेश हुँदा ठहर भएबमोजिम हुने हुँदा मन्त्रिपरिषद्को २०८२ असोज ३० मा भएको राजदूत फिर्ता बोलाउनेसम्बन्धी निर्णय हाललाई कार्यान्वयन नगर्नू ।' यसअघि, न्यायाधीश विनोद शर्माको एकल इजलासले यही कात्तिक ९ गते यस विषयमा लिखित जवाफ माग गरेको थियो । अदालतले दुवै पक्षको छलफलपछि आइतबार अन्तरिम आदेश जारी गर्दै राजदूत फिर्ता बोलाउने निर्णय कार्यान्वयन नगर्न भनेको हो ।

अधिवक्ता प्रतिभा उप्रेतीले यही कात्तिक २ गते प्रतिनिधिसभा नै विघटन भएको अवस्थामा संसदीय सुनुवाइ हुन सक्ने कुनै गुञ्जायस नै नभएकाले संविधानतः राजदूत नियुक्ति हुन नसक्ने अवस्था नै नभएकाले राजदूत फिर्ता बोलाउने सरकारको निर्णय गैरकानुनी भएको उल्लेख गर्दै उक्त निर्णय बदरको मागसहित रिट निवेदन दायर गरेकी थिइन् । गत असोज ३० गते सरकारले कात्तिक २० गतेभित्र ११ जना राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको थियो । फिर्ता बोलाइएका राजदूतमा चीनका प्राडा कृष्णप्रसाद ओली, जर्मनीका डा शैल रूपाखेती, इजरायलका प्रा धनप्रसाद पण्डित, मलेसियाका डा नेत्रप्रसाद तिमल्सिना, कतारका रमेशचन्द्र पौडेल, रूसका जङ्गबहादुर चौहान, साउदी अरबका नरेशविक्रम ढकाल, स्पेनका सनिल नेपाल, संयुक्त अधिराज्य बेलायतका चन्द्रकुमार घिमिरे, संयुक्त राज्य अमेरिकाका लोकदर्शन रेग्मी र जापानका डा दुर्गाबहादुर सुवेदी रहेका छन् ।

# सरकारको बेवास्ताका कारण तीन महिनादेखि नेपाली प्लाइउड निर्यात बन्द

आर्थिक संवाददाता
विराटनगर, कात्तिक १६



भारतीय भन्सारले नेपाली प्लाइउड निकासी रोकेको तीन महिना बित्न लाग्दा पनि निकासीको लागि सरकारले कुनै पहल गरेको छैन । हाल भारतीय भन्सार जोगवनी र मेची भन्सारको भारतीय नाका काँकडभिट्टापारिको पानीटंकीस्थित भारतीय भन्सारले नेपाली प्लाइउड निकासी रोकेर राखेको छ । निकासी रोकिएपछि प्लाइउड उद्योग धरासायी भएको उद्योगीहरूले जानकारी दिएका छन् । भारतीय सरकारको गुणस्तर मान्यता प्राप्त प्रमाणपत्र प्रदान गर्ने निकाय ब्युरो अफ इन्डियन सर्टिफिकेट (बीआइएस) बाट जारी गर्ने आईएसआई सर्टिफिकेटको अवधि सकिएको भन्दै भारतले नेपाली प्लाइउडको निर्यात रोकेको हो । यस्तो अवरोधले नेपालको निर्यात वस्तु प्लाइउड उद्योगहरू मर्कामा परेको गुनासो उद्योगिले गरेका छन् । नेपालमा ९० वटा प्लाइउड उद्योगमध्ये आईएसआई प्रमाणपत्र पाएका जम्मा नौवटा उद्योग मात्रै रहेका छन् । ती उद्योगले पनि आगामी एक वर्षको अवधिका लागि मात्रै भारतमा प्लाइउड निर्यात गर्न सक्ने जानकारी उद्योगीले दिएका छन् ।

बीआईएसको आईएसआई प्रमाणपत्र लिनका लागि भारत सरकारलाई नेपाली प्लाइउड उद्योगहरूले आवश्यक दस्तुर तिरिसकेको भए पनि अहिलेसम्म प्रमाणपत्र भारतले पठाएको छैन । देशभरमा ९० वटा जति प्लाइउड उद्योग छन् । तीमध्ये नौवटाले मात्रै बीआईएसबाट अनुमति पाएका छन्, त्यो पनि एक वर्षका लागि मात्रै । विराटनगरको रानी भन्सारपारि भारतको जोगवनी र झापाको काँकडभिट्टापारि पानीटंकीस्थित भारतीय भन्सारले नेपाली प्लाइउड निकासी रोकेर राखेको बारेमा प्लाइउड उद्योगीले संघीय सरकारलाई जानकारी गराइसकेका छन् । उद्योगीका अनुसार नेपालबाट भारतको बीआईएसमा नियमपूर्वक दिनुपर्ने आवेदन दिएर आवेदन स्वीकृति भइसकेको छ । बीआइएसमा जम्मा गर्नुपर्ने सम्पूर्ण रकम समेत जम्मा गरिसके पनि भारतीय पक्षबाट आईएसआई प्रमाणपत्र दिन ढिलासुस्ती भएको हो ।

भारत सरकारले आईएसआई प्रमाणपत्र प्राप्त नभएका र आईएसआई प्रमाणपत्रविनाका कुनै पनि उद्योगका प्लाइउड आयात नगर्न भारत सरकारले १५ मार्च २०२४ मै राजपत्रमा सूचना प्रकाशन गरेर नेपाल सरकारलाई जानकारी दिएको थियो । नेपाली प्लाइउड उद्योगका केही उद्योगीले आईएसआई प्रमाणपत्र नभए पनि नक्कली बीएसआई प्रमाणपत्र उल्लेख गरी प्लाइउड निकासी गराउने प्रयास गरेपछि भारतीय भन्सारले नेपालबाट निकासी हुने सबै प्लाइउडमा व्यापक निगरानी थालेको थियो । तर हाल भने नेपाली प्लाइउड निकासी नै ठप्प भएको छ । नेपालबाट भारत निकासी हुने वस्तुहरूमध्ये प्लाइउड दशौँ स्थानभित्र पर्दै आएको छ ।

# बन्चरेडाँडा ल्यान्डफिल्डको अवरोध हट्यो, माग पूरा नभए १५ दिनपछि फेरि अवरुद्ध हुने

काठमाडौं, कात्तिक १६ । बन्चरेडाँडा ल्यान्डफिल्ड साइटका स्थानियले तत्कालको लागि काठमाडौं उपत्यकाको फोहोर विसर्जन गर्न दिने भएका छन् ।

सहरी विकासमन्त्री कुलमान घिसिङले बन्चरेडाँडा ल्यान्डफिल्ड साइटका स्थानीयले राखेका माग पूरा गर्ने प्रतिबद्धता जनाएपछि उनीहरूले फोहोर विर्सजन गर्ने बाटो खुलेको हो । स्थानीयहरूले विगतमा गरेका सम्झौता पालनका नभएको भन्दै पाँच दिनदेखि फोहोर विर्सजन गर्न अवरोध गरेका थिए । अवरोध हटेपछि सडकमै अलपत्र परेका र काठमाडौंमा फोहोर लोड भएका गाडी ल्यान्डफिल्ड साइटतर्फ गएका छन् । मन्त्री घिसिङले बन्चरेडाँडा ल्यान्डफिल्ड साइटका स्थानीयले राखेका माग १५ दिनभित्र पूरा गर्ने प्रतिबद्धता जनाएका छन् । १५ दिनभित्र माग पूरा नभए फेरि अवरोध गर्ने स्थानीयले चेतावनी समेत दिएका छन् । आइतबार मन्त्री घिसिङ, सहरी विकास सचिव गोपाल सिग्देल, काठमाडौं, नुवाकोट तथा धादिङका प्रमुख जिल्ला अधिकारी, काठमाडौं महानगरपालिका कार्यकारी अधिकृतसहितको टोली बन्चरेडाँडा ल्यान्डफिल्ड साइट अवलोकनमा गएको थियो ।

टोलीले फोहोर बिर्सन गर्ने ठाउँको स्थलगलत निरीक्षण गर्नुका साथै ल्यान्डफिल्ड साइट पर्ने धादिङको धुनिबेसी नगरपालिकाका प्रमुख, नुवाकोटका ककनी गाउँपालिका अध्यक्ष, प्रभावित वडाका वडाध्यक्षहरू र स्थानीय बासिन्दासँग अन्तक्रिया गरेको थियो । मन्त्री घिसिङले प्रभावित बासिन्दासँग विगतमा भएका सहमति एवम् सम्झौता कार्यान्वयन प्रक्रिया अगाडि बढाउन १५ दिनको समय माग गर्दै फोहोर फाल्न अवरोध नगर्न अनुरोध गरेका थिए । 'विगतमा धेरै सहमति भएका रहेछन्, मैले सबैको अध्ययन गरेको छु, अहिले म आश्वासन दिन आएको हैन, कार्यान्वयन गर्छु, फोहोर व्यवस्थापनका लागि अवरोध नगरिदिनुहोस्, अवरोध हटाएर एउटा सन्देश दिनुहोस्, बल प्रयोग गरेर नभई प्रभावितसँग वार्ता र संवादमार्फत सौहार्दपूर्णरूपमा समस्या समाधान गर्छौं,' उनले भने ।

उनले फोहोर व्यवस्थापनका लागि अल्पकालीन र दीर्घकालीन योजनासहित अगाडि बढ्ने पनि बताए । अल्पकालीनरूपमा गर्न सकिने काम काम तत्काल अगाडि बढाउने र विगतमा भएका सहमति कार्यान्वयनका लागि गर्नुपर्ने नीतिगत निर्णय गर्ने उनको भनाइ थियो । स्थानीयले उठाउँदै आएको लिच्चड व्यवस्थापनका लागि सहरी विकास मन्त्रालयको संयोजनमा सबै सरोकारवाला निकाय सम्मिलित समिति बनाइने भएको छ । पोखरीमा जम्मा भएको लिच्चडलाई खोलामा जान नदिन रिसाइकल गर्न तत्काल पम्प सञ्चालन गर्ने प्रतिबद्धता जनाइएको छ । हाल पम्प बिग्रिएको छ । ल्यान्डफिल्ड साइटमा जथाभावी फोहोर फालिएको गुनासो सम्बोधन गर्न सहरी विकास मन्त्रालय, काठमाडौं महानगरपालिका र प्रभावित पालिकाका १/१ जना प्रतिनिधि रहने गरी अनुगमन समिति बनाइने भएको छ ।

यस्तै, रात्रिकालीन फोहोर व्यवस्थापन गर्न साइटमा आवश्यक पर्ने वृत्तिको व्यवस्था सोमबारबाटै गर्ने मन्त्री घिसिङले प्रतिबद्धता जनाएका थिए ।


कोशी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
विराटनगर, नेपाल

**नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०८२/०७/१७)

यस कार्यालयबाट चालु आ. व. २०८२।८३ मा नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनको लागि नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि -२०८२ बमोजिम यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ३० दिन (मिति २०८२ मंसिर १६ गते दिनको ४:०० वजे) भित्र यस प्रदेशका स्थानीय तह (गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिका) हरुले कार्यविधिको अनुसुची-२ बमोजिमको ढाँचामा अबधारणा पत्र तयार गरी आवश्यक कागजातहरू सहित Google Form (https://bit.ly/ipfkoshi2082) मार्फत पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि अनुरोध छ ।

**द्रष्टब्य**: अवधारणापत्र Google Form मार्फत मात्र पेश गर्नुहुन र थप जानकारी यस कार्यालयको वेबसाईट www.ocmcm.koshi.gov.np, मार्फत प्राप्त गर्नुहुन अनुरोध छ ।

**थप जानकारीका लागि:**
सम्पर्क व्यक्तिको नामः बालकृष्ण चौधरी
सम्पर्क नम्बर : ९८५११६५४१७

**प्रदेश कार्यक्रम व्यवस्थापक**
**प्रदेश तथा स्थानीय शासन सहयोग सवलीकरण कार्यक्रम** (PLGSP)



**ग्लोबल आइएमई बैंक लिमिटेडको**
**निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

ग्लोबल आइएमई बैंकको गोलबजार शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका सिता राम बि.सी.को मिति २०८१/०५/२० मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती रिता कुमारी राउतबाट मिति २०८२/०६/०९ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

गोलबजार शाखा
फोन नं.: ०३३-५४०३९०
**ग्लोबल कनेक्ट: ०१-५९७०६००**



**ग्लोबल आइएमई बैंक लिमिटेडको**
**निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

ग्लोबल आइएमई बैंकको फिदिम शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका आइते कामीको मिति २०८२/०६/०२ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती मंगली कामीबाट मिति २०८२/०७/१४ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

फिदिम शाखा
फोन नं.: ०२४-५२२९९०
**ग्लोबल कनेक्ट: ०१-५९७०६००**



**श्री "रावा होल्डिङ्स प्रा.लि." प्रस्तावक रही धादिङ जिल्लाको गल्छी गाउँपालिका वडा नं. १, स्यालटार क्षेत्रमा प्रस्तावित बालुवा (Sand) खानीको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्वन्धमा आयोजना गरिएको सार्वजनिक सुनुवाई कार्यक्रम बारे सार्वजनिक सूचना !!!**

**प्रकाशित मितिः २०८२/०७/१७**

बागमती प्रदेश अन्तर्गत धादिङ जिल्ला अन्तर्गत गल्छी गाउँपालिका वडा नं. १, स्यालटार क्षेत्रमा श्री रावा होल्डिङ्स प्रा.लि. प्रस्तावक रही निजि जग्गामा बालुवा खानी उत्खनन् गर्ने प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदनको सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम निम्न स्थान र समयमा आयोजना गरिएको छ।

| | |
|---|---|
| प्रस्तावको व्यहोरा | बागमती प्रदेश अन्तर्गत धादिङ जिल्लाको गल्छी गाउँपालिका वडा नं. १, स्यालटार (निजि जग्गा) क्षेत्रमा बालुवा खानी प्रस्ताव गरिएको छ। खानी क्षेत्र टोपो सिट नं. २७८४-०४ "D" मा पर्दछ। Spot Height: ४६६ मि. बिन्दुलाई खानीको मूल चिन्ह मानिएको छ। जसको नियामक ५९८०१५.०० मि. पूर्व र ३०७६७००.०० मि. उत्तर छ। मुल चिन्हबाट लीज क्षेत्र पूर्वः ४५० मि., पश्चिमः १७५ मि., उत्तरः २५० मि. र दक्षिणः १५० मि. गरी जम्माः ०.२५ वर्ग किलो मिटर क्षेत्रफल भित्र विस्तारित छ। लीज एरिया मध्ये ६.८७ हेक्टर क्षेत्रफलमा टोपोग्राफिकल सर्वे गरी ४.८५ हेक्टर क्षेत्रफलमा बालुवा खानी पहिचान पश्चात १ हेक्टर क्षेत्रफलमा बालुवा (Sand) खानीको उत्खनन्/क्वारी क्षेत्र प्रस्तावित छ। वर्षमा करिव २४० दिन खानीमा उत्खनन् कार्य गरिनेछ। Mechanized open-cast mining method बाट प्रतिदिन ६० घन मि. का दरले बालुवा उत्खनन गर्ने योजना रहेको छ। |
| कार्यक्रम स्थल | गल्छी गाउँपालिका वडा नं. १, स्यालटार, धादिङ। |
| मिति र समय | २०८२/०७/२३ गते आइतबार विहान ८:०० बजे। |
| सम्पर्क व्यक्ति/नंवर | कैलाश राई (सम्पर्क नं. ९८५१०१४००३) |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदनको विषयमा छलफल तथा राय सुझाव संकलन कार्यक्रम हुने भएकोले त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति, संस्था र सरोकारवाला स्थानीय वासिन्दा तथा प्रतिनिधिलाई उल्लेखित स्थान र समयमा उपस्थित भई आवश्यक राय-सुझाव प्रदान गरिदिनु सादर अनुरोध गरिन्छ।



**निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना**

जय देव भट्टको छोरा, कृष्णा देवी भट्टको पति, कन्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. ६ बस्दै आउनु भएका कर्ण देव भट्टको मिति २०८१/०३/१६ मा मृत्यु भएकोले निजको नाउँमा यस विकास बैंकको खाता नं. ०७३०१३००४१५२१३००००० २ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी कन्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. ६ बस्ने निज मृतकको पत्नी कृष्णा देवी भट्टले निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकममा निज निवेदक बाहेक अन्य कसैको समेत हक लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमका अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो भएको सवुत प्रमाण सहित यस बैंकको शाखा कार्यालय महेन्द्रनगर, कन्चनपुरमा निक्षेप उपर हकदाबी गर्नुहोला। सूचनाको म्याद भित्र प्राप्त नभएका र कानून बमोजिम रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने र म्याद व्यतित भएपछि निवेदन माग बमोजिम भइ जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रिय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौँ, नेपाल, फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : महेन्द्रनगर, कन्चनपुर, फोन नं. ०९९-५२०५२१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



**नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८२/०७/१७**

ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ६ साविक सानागाउँ वडा नं १, कित्ता नं. ३१८८ क्षेत्रफल १३५.१५ व.मि. जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि २०८२ भाद्र ०६ गते मा महालक्ष्मी नगरपालिका वडा नं. ६ कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर/जग्गाको म्याद बारम्बार बुझाउन जादाँ सम्बन्धित तपसीलमा उल्लेखित संधियारहरुसंग सम्पर्क हुन नसकेकोले नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ।

उल्लेखित कित्ता जग्गामा घर निर्माण हुदाँ तपाई साँधसंधियारहरुलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधि भित्र महालक्ष्मी नगरपालिकाको ६ नं. वडा कार्यालयमा निवेदन दिनुहुन तथा साँधसंधियारको जानकारीको लागि सुचित गरिन्छ। म्याद भित्र कसैको कुनै प्रतिक्रिया दावी विरोध प्राप्त नभएमा नियमानुसर निवेदकको माग बमोजिम नक्सा पासको लागि नगरपालिकामा सिफारिश भईजाने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**
दक्षिण: कि.नं २९५१ र २९४९

**महालक्ष्मी नगरपालिका कार्यालय**
**६ नं. वडा कार्यालय, सिद्धिपुर, ललितपुर**



महेन्द्र बौद्ध माध्यमिक विद्यालय
Mahendra Boudha Secondary School
काठमाडौं (Kathmandu)
स्था.: २०१२ (Est.:2012)
फोन नं.: ०१-४९१५३६४
Contact No.: 01-4915364
प.नं./च.नं. (L.No.\Ref.No.):

**विषय: सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

**(सूचना प्रकाशित मिति : २०८२/०७/१४)**

प्रस्तुत विषयमा काठमाडौं महानगरपालिका शिक्षा विभागवाट आ.व. २०८२/०८३ को लागि यस विद्यालयका लागि प्राप्त अनुदानबाट तपसिलका मालसामान खरीद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यक्ति/संस्था/आपूर्तिकर्ताहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र विद्यालय समयमा उपस्थित भई प्रत्येक शिर्षकका लागि रु १००० (एक हजार) दस्तुर बुझाएको रसिद तथा रु २०,०००/- को जमानत (नगद वा बैंक ग्यारेन्टी) संलग्न गरि सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | शीर्षक | जम्मा रु | प्रति एकको रु (VAT सहित) |
|---|---|---|---|
| १ | डेस्क बेन्च (2 & 3 Seater) | १०,००,०००/- | |
| २ | LED Smart Board with OPS & Trolly Stand (65" & 75") | ९,४५,०००/- | |

सर्तहरु
१. Specification तथा खरीदका सर्त सुविधाहरु सिलबन्दी दरभाउपत्र फारामसंगै विद्यालयवाट उपलब्ध गराइनेछ ।
२. इच्छुक व्यक्ति/संस्था/आपूर्तिकर्ताहरू विद्यालयमा सूचिकृत भएको हुनुपर्नेछ । सूचिकृत हुन बाँकि भए सिलबन्दी दरभाउपत्र पेश गर्नु पूर्व सूचिकृत हुन सकिनेछ ।

धर्मेन्द्र खकुरेल
प्रधानाध्यापक

श्री महेन्द्र बौद्ध माध्यमिक विद्यालय, का.म.पा. ६
सम्पर्क नं: ०१४९१५३६४, ९८५१११५३६४,९८५१००६५५९, ९८४१४३८६५७



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुल सेक्टर
धरान, सुनसरी

**आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना**

प्रकाशित मिति २०८२।०७।१७

यस कार्यालयको मिति २०८२/०६/०१ को कारोबार रास्ट्रिय दैनिकमा प्रकाशित सूचना नं ०१/०८२/८३ बमोजिम E–Bidding मार्फत पेश हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावहरू खोलि मुल्याङ्कन/परीक्षण हुँदा तपसिल बमोजिमका बोलपत्रदाताहरूको प्रस्तावहरू सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ज(४) बमोजिम सारभूत रुपमा प्रभावग्राही देखिएकोले मिति २०८२।०७।२४ गते ११:०० बजे आर्थिक प्रस्ताब खोलिने भएको हुँदा ऐ. नियमको उपनियम ५ बमोजिम सम्बन्धित बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित बोलपत्रदाताहरू उपस्थित नभएको कारणले मात्र आर्थिक प्रस्ताव खोल्न बाधा नपुग्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपशिल**

| सूचना नं | ठेक्का नं. | सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाताहरु |
|---|---|---|
| ०१/०८२/८३ | BSDRN/01/337011324/082/83-01 (Major Maintenance and Safety Upgradation Works on SRN Bridges of Koshi Province) | 1. M/S Gauri Parbati Nirman Sewa Pvt Ltd,Kathmandu<br>2. M/S Geetanjali Construction Pvt. Ltd.,Sunsari<br>3. M/S Himalayan Engineering Associates Pvt. Ltd, Kathmandu |

**योजना प्रमुख**


आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष : प्रह्लाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । कार्यालय : कुपण्डोल, ललितपुर । फोन : ०१-५९०२१३६, e-mail : aarthik .dainik@gmail .com । सम्पादक : रामप्रसाद पुडासैनी